का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ असोज २०८२

मंगलबार

14 October 2025

Tuesday

नेपाल संवत् ११४५

मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक २४८ । पृष्ठ १०

Madhyanha National Daily

www.madhyanhadaily.com

# सम्मानजनक बिदाइ खोज्दै देउवा



मंसिरमै समय सकिएकाले नियमित महाधिवेशनमा जाँदा भूगोलदेखिको पार्टी संरचना बदलिन्छ । अनि मात्रै पार्टीमा पुनर्संरचना भएको महसुस गर्छन् ।

**भिष्मराज आङदेम्बे**
सहमहामन्त्री



कांग्रेसभित्रको चाल, चेहरा, चिन्तन र चरित्र परिवर्तन गरेर आमनिर्वाचनमा जानुको विकल्प छैन ।

**मधु आचार्य**
केन्द्रीय सदस्य

नैतिक र वैधानिक दबाबमा परेपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सम्मानजनक बिदाइ खोजिरहेका छन् । नियमित महाधिवेशनमार्फत आफूअनुकूल नयाँ नेतृत्व स्थापित गर्ने उनको इच्छा छ । उनी जेनजी आन्दोलनपछि पार्टीका बैठकमा सहभागी भइरहेका छैनन् ।



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २७ असोज

नेपाली कांग्रेस केन्द्रीय समितिको मंगलबारदेखि सुरु हुँदै छ। बैठकमा नियमित वा विशेष महाधिवेशन, म्याद थप वा कार्यवाहकको व्यवस्थाजस्ता अन्तरविरोधले हल तताउने संकेत देखिएको छ । पुरानो लोकतान्त्रिक दलमा आवधिक महाधिवेशन र लोकतन्त्रको न्यूनतम मूल्यमान्यताको खोजीसँगै सभापति शेरबहादुर देउवामाथि संस्थापनइतर नेताहरूले नैतिक र वैधानिक प्रश्न उठाउने तयारी गरेका छन् ।

आउँदो मंसिरमा १४औं महाधिवेशनमा निर्वाचित केन्द्रीय समितिको कार्यकाल सकिँदै छ। त्यसैले सभापति देउवाले अहिले नै विश्राम लिएर नेतृत्व हस्तान्तरण गर्न चर्को दबाब झेल्नुपरेको छ । विधानतः उनी दुई कार्यकाल सभापति भइसकेकाले तेहेरिन पाउँदैनन् । जेनजी आन्दोलपछि उत्पन्न राजनीतिक परिस्थितिले पार्टीलाई पुनर्संरचना गरी नयाँ योजना लिएर जनतामा जानुको विकल्प नरहेकाले पुराना पुस्ताका नेताहरूले सक्रिय राजनीतिबाटै बिदा लिन दोस्रो तहका नेता कार्यकर्ताले दबाब दिइरहेका छन् ।

सभापति देउवालाई हटाउन इतर पक्षका नेता डा. शेखर कोइराला, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मानिकट नेताहरूले हस्ताक्षर संकलन गरिसकेका छन् । ती हस्ताक्षर मंगलबार केन्द्रीय कार्यालयमा दर्ता गराउने तयारी भएको केन्द्रीय सदस्य मधु आचार्यले बताए । उनले मध्यान्हसँग भने, 'कांग्रेसभित्रको चाल, चेहरा, चिन्तन र चरित्र परिवर्तन गरेर निर्वाचनमा जानुपर्नेछ।' उनका अनुसार, पहिलो प्राथमिकता मंसिरभित्र नियमित महाधिवेशन, दोस्रोमा केन्द्रीय समितिबाट विशेष महाधिवेशन आह्वान, तेस्रो र अन्तिम विकल्प भनेको विधानअनुसार ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशनको मागलाई सम्बोधन गर्दै नयाँ नेतृत्व छनोट प्रक्रियामा जानेगरी अहिले हस्ताक्षर संकलन अभियान चलाइएको हो ।

नेता कोइराला र महामन्त्री गगन-विश्वसहितका नेताहरूले मंसिरभित्रै १५औं महाधिवेशन गर्नुपर्ने अडान लिइरहेका छन् । अन्यथा, सोही समयसीमाभित्र विशेष महाधिवेशनमा जानुपर्नेमा उनीहरूको जोड छ । वर्तमान केन्द्रीय समितिको कार्यकाल मंसिर मसान्तभित्र सकिने भए पनि पार्टी विधानमा भएको एक वर्ष म्याद थपको सहुलियतलाई उपयोग गर्ने रणनीतिमा संस्थापन पक्षका नेताहरू छन् । सहज परिस्थितिमा एक वर्षको म्याद थप गर्न सभापति, महामन्त्री र पदाधिकारीले भद्र सहमति गरे पनि जेनजी आन्दोलनबाट उत्पन्न परिस्थितिले जतिसक्यो चाँडो नियमित महाधिवेशन गर्नुपर्ने पक्षमा नेताहरू जुटेका हुन् । सभापति देउवा भने अहिलेसम्म मौन छन् ।

अन्तरिम सरकारले फागुन २१ मा प्रतिनिधि सभाको निर्वाचन गराउने तयारी गरिरहेको छ । निर्वाचनमा कांग्रेसको यही नेतृत्वले टिकट वितरण गरेर मात्रै पार्टी महाधिवेशनमा जाने संस्थापन पक्षको योजना छ । संस्थापनइतर समूहको जोडबल भने निर्वाचनमा जानुपूर्व पार्टीलाई ठिक ढंगले पुनर्गठित गरेर जानुपर्नेमा छ ।

महामन्त्री गगन थापाले यही नेतृत्वलाई चुनावमा लिएर जना नसक्ने स्पष्ट पारिसकेका छन् । १५औं महाधिवेशन मंसिरमै गर्नुपर्ने भनिरहेका नेताहरूले संस्थापन पक्षलाई दबाब दिन महाधिवेशन प्रतिनिधिको हस्ताक्षर अभियान >>> पृष्ठ २ मा

२ वर्षपछि हमासले भन्यो-

# 'विपिन इज नो मोर'



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ असोज

२० जना जीवित बन्धक हस्तान्तरण गरेको हमासले चार मृत बन्धकहरूको नाम सार्वजनिक गरेको छ । हमासले नेपाली विद्यार्थी विपिन जोशीको मृत्यु भएको पुष्टि गर्दै उनीसहित चार जना बन्धकहरूको शव इजरायललाई बुझाउने तयारी गरेको हो ।

हमासले पछिल्लोपल्ट सन् ७ अक्टोबर २०२३ मा किबुज क्षेत्रमा आक्रमणसँगै उनी बेपत्ता सूचीमा थिए । विपिनको रिहाइका लागि राज्य संयन्त्रको सबै शक्ति खटिए पनि अन्ततः करिब दुई वर्षमा उनको मृत्यु भएको खबरले उनको घर परिवार, समाज र राष्ट्रलाई नै स्तब्ध बनाएको छ । उनी सदाका लागि फर्कने आशाको त्यान्द्रो चुँडिएको छ ।

> अन्ततः करिब दुई वर्षमा उनको मृत्यु भएको खबरले उनको घर परिवार, समाज र राष्ट्रलाई नै स्तब्ध बनाएको छ । उनी सदाका लागि फर्कने आशाको त्यान्द्रो चुँडिएको छ ।

आक्रमण सुरु गरेको दोस्रो दिन (७ अक्टोबर) १६ जना नेपाली विद्यार्थी परेकोमा विपिन पनि रहेका थिए । आक्रमणको एक दिनपछि इजरायलस्थित नेपाली दूतावासले आक्रमणमा परी १० जना नेपाली विद्यार्थीको मृत्यु भएको पुष्टि गरेको थियो । मारिएका नेपालीसँगै रहेका नेपाली विद्यार्थी विपिन जोशीलाई हमासले बन्धक बनाएर लगेको थियो । नेपाली विद्यार्थी विपिन वेपत्ता भएको झन्डै दुई वर्षपछि हमासले उनी जीवित नरहेको सन्देश पठाएको हो । इजरायल सरकारको 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत गएका उनीहरू सबै गाजा क्षेत्रनजिकै पर्ने दक्षिणी इजरायलको किबुज अलुमिम भन्ने स्थानमा बस्दै आएका थिए । हमासले सोमबार जीवित २० जनालाई मुक्त गरेको थियो । मृत्यु भएका सबै बन्धकहरूको अवशेष २८ जनासम्मको हुन सक्ने भनिएको छ । हमासको सैन्य शाखाले चार जना बन्धकको नाम सार्वजनिक गरेको छ ।

हमासले बन्धक बनाएको एक महिनापछि (सन् २०२३ नोभेम्बर १७) विपिन गाजा क्षेत्रको अल सिफा अस्पतालमा देखिएका थिए । ३३ सेकेन्ड लामो सो भिडियोमा अन्तिमपल्ट देखिएका विपिन आज सोमबार जीवित नरहेको जानकारी इजरायली अधिकारीहरूले दिएका थिए । विपिन बन्धक बनाइएको ४३औं दिन (२ मंसिर २०८०)मा बुबाआमाले गृह जिल्ला भ्रमणमा रहेका तत्कालीन परराष्ट्रमन्त्री साउदसित कञ्चनपुर सदरमुकाम महेन्द्रनगरमा भेटेर छोराको रिहाइका लागि पहल गरिदिन आग्रह गरेका थिए ।

उनको रिहाइका लागि राष्ट्रपति रामचन्द्र पौडेलले समेत पहल गरेका थिए । उनले ११ वैशाख २०८१ मा कतारका अमिर शेख तमिम विन हमाद अल थानीसँगको भेटमा विपिनको रिहाइका लागि आग्रह गरेका थिए । राष्ट्रपति पौडेलको निमन्त्रणामा उनी दुईदिने राजकीय भ्रमणमा नेपाल आएका थिए ।

प्यालेस्टाइनी कट्टरपन्थी समूह हमासको कब्जाबाट सकुशल रिहाइका लागि नेपाल सरकारका तर्फबाट भरपुर प्रयास भएको थियो । तथापि विपिनलाई सकुशल स्वदेश फिर्ता ल्याउने प्रयास सफल भएन । हमासको आक्रमणमा परेका मृतकको शव र घाइतेको उद्धार तथा स्वदेश फर्किन चाहने नेपाली नागरिक ल्याउन तत्कालीन >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कोरियासँग कामदारको कोटा बढाइदिन आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ असोज

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकासमन्त्री कुलमान घिसिङले नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क ताइयोङसँग रोजगार अनुमति प्रणालीअन्तर्गत कोरिया जाने नेपाली श्रमिकको कोटा बढाउन आग्रह गरेका छन् ।



ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा सोमबार भएको भेटमा राजदूत पार्कले कोरिया जानुपूर्व सीप विकास तालिम र फर्किएपछि त्यहाँ हासिल सीपलाई स्वदेशमा प्रयोग गरी उद्यमशीलतामार्फत रोजगारी सिर्जनाका लागि सहयोग गर्न पनि राजदूत पार्कसँग आग्रह गरेको मन्त्रालयले जनाएको छ ।

हाल श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री सुशीला कार्की नेतृत्वमा रहेको छ । विभागीय मन्त्रीको अभावमा श्रम तथा आप्रवासनसँग जोडिएका महत्वपूर्ण विषयमात्र प्रधानमन्त्रीसमक्ष पेस हुने गरेका छन् ।

विगत एक महिनादेखि प्रमुख श्रम गन्तव्य युएई जाने कामदारको भिसा रोकिएको छ । तर विभागीय मन्त्री नहुँदा वैदेशिक रोजगार व्यवसायीले त्यस विषयमा सरकारसँग छलफल गर्न नपाएको बताएका छन् । >>> पृष्ठ २ मा

## अब विदेश जाने कामदारलाई राष्ट्रिय परिचयपत्र अनिवार्य

**काठमाडौं/मस-** वैदेशिक रोजगारमा जाने कामदार बुधबारदेखि अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध हुनुपर्ने भएको छ ।

वैदेशिक रोजगार विभागले सबै अभिमुखीकरण तालिम प्रदायक संस्थाहरू तथा वैदेशिक रोजगारीमा जाने कामदारका नाममा सूचना जारी गर्दै राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध हुनुपर्ने बताएको हो । >>> पृष्ठ २ मा

# संवैधानिक नियुक्तितर्फ अघि बढ्दै सरकार

*निर्वाचनको समयमा निर्वाचन आयोग नै प्रमुखविहीन हुने र अख्तियारको आयुक्त रिक्त हुने विषयले सुशासन र भ्रष्टाचार नियन्त्रणको काममा असर पर्न सक्ने तर्कसहित प्रधानमन्त्री कार्की संवैधानिक नियुक्तितर्फ अघि बढ्न खोज्दै छिन् ।*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ असोज

प्रधानमन्त्री सुशीला कार्की संवैधानिक नियुक्तितर्फ अघि बढ्न खोज्दै छिन् । यसका लागि उनले के कस्ता ठाउँमा पद रिक्त रहेको भन्ने रिर्पोट लिएर कानुन व्यावसायीसँग संवाद गरेकी छन् । कानुन व्यावसायीसमेतको रायका आधारमा उनले निर्वाचन आयोग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा रहेका रिक्त पदमा पदपर्तिका लागि छलफल अगाडि बढाएकी हुन् ।

निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्तसहित दुई आयुक्तको पद रिक्त छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त किशोर सिलवाल पनि उमेर हदका कारण अवकाशमा जाँदै छन् ।

संवैधानिक नियुक्तितर्फ अघि बढ्दा अन्तरिम सरकार विवादमा पर्न सक्ने विषयमा कानुन व्यावसायीहरूले प्रधानमन्त्री कार्कीको ध्यानाकर्षण गरेका छन् । निर्वाचनको समयमा निर्वाचन आयोग नै प्रमुखविहीन हुने र अख्तियारको आयुक्त रिक्त हुने विषयले सुशासन र भ्रष्टाचार नियन्त्रणको काममा असर पर्न सक्ने तर्कसहित प्रधानमन्त्री कार्की संवैधानिक नियुक्तितर्फ अघि बढ्न खोज्दै छिन् ।



यस विषयमा प्रधानमन्त्री कार्कीले सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाललगायतसँग छलफल गरेकी छन् । स्रोतका अनुसार प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसँग समेत छलफल भएको छ।

अख्तियार र निर्वाचन आयोगमा कामको चाप छ। यसकारण नियुक्ति गरेर जान सकिन्छ कि भनेर छलफल भएको छ ।

राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले गत शुक्रबार निर्वाचन आयोगका आयुक्तहरूसँग छलफल गरेका थिए । त्यसबेला आयोगका आयुक्तहरूले निर्वाचनका बेला आयोगको नेतृत्व हुन सक्दा सहज हुने बताएका थिए ।

प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन आयोगका आयुक्तहरूसँग यही असोज २१ गते छलफल गरेकी थिइन् । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी र निर्वाचन आयुक्त डा. जानकीदेवी तुलाधर र सगुन शमशेर जबरा उपस्थित थिए ।

आइतबार प्रधानमन्त्री कार्की र राष्ट्रिय सभा अध्यक्ष दाहालबीच नै छलफल भएको छ । >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२८ असोज २०८२ मंगलबार
14 October 2025 Tuesday

# समुदायको अग्रसरताबिना विपद् न्यूनीकरण सम्भव छैन : गृहमन्त्री

**पाटन/मस–** गृहमन्त्री ओमप्रकाश अर्यालले समुदायको अग्रसरताविना विपद् न्यूनीकरण सम्भव नहुने भएकाले सबैको समन्वय, सहकार्य र सहभागिता आवश्यक पर्ने बताएका छन् ।

विपद् जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय दिवस २०२५ का अवसरमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) खुमलटारमा आयोजना गरेको विपद् जोखिम न्यूनीकरणसम्बन्धी चौथो राष्ट्रिय सम्मेलनमा उनले सरकार सबैको समन्वय, सहकार्य र सहभागितामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्य सम्पादन गर्नुपर्नेमा जोड दिए ।



गृहमन्त्री अर्यालले भने, 'नेपाल विपद् संवेदनशील क्षेत्रमा रहेको छ, भौगोलिक रूपमा सुन्दरका साथै त्यतिकै विपद्को उच्चजोखिममा पनि छ, हालै भएको विपद्का कारण नेपालले ठूलो क्षति व्यहोर्नुपरेको छ, यसका कारण विकासको गतिसमेत अवरुद्ध हुँदै आएको तथ्य हामीसामु छ, विगतका ठूला भूकम्प र बाढीपहिरोले हामीलाई विपद् जोखिम न्यूनीकरणका लागि व्यवस्थाको महत्त्वको आवश्यकता महसुस गराउँदै आएको छ, सरकारले विपद् जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकतामा राख्दै आएको छ ।' गृहमन्त्री अर्यालले विपद्लाई प्रकृतिमा मात्रै नभई सामाजिक, संरचनात्मक एवं नीतिगत कमजोरीसँग पनि तुलना गर्नुपर्ने बताए । उनले केन्द्रदेखि स्थानीय तहसम्म विपद् व्यवस्थापनका लागि थुप्रै संयन्त्र क्रियाशील छन् ती सबै निकाय जिम्मेवार हुनुपर्ने बताए । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी निर्देशक दिनेश भट्टले विपद् व्यवस्थापनका क्षेत्रमा सरकारले गर्ने कामलाई प्रभावकारी र विश्वसनीय आवश्यक रहेको बताए । उनले पछिल्लो समय प्राकृतिक विपद् बढ्दै गएकाले त्यसलाई रोक्नका लागि विकास निर्माणका कार्यलाई विपद् व्यवस्थापनका अवधारणालाई ध्यान दिएर अगाडि बढाउनुपर्नेमा जोड दिए । नेपालका लागि अस्ट्रेलियाका राजदूत लिन जोनटनले विपद्सम्बन्धी पूर्वसूचना, समुदायमा आधारित समाधानका लागि असल अभ्यासको आदानप्रदान, लैंगिकमैत्री समाधानका लागि यो सम्मेलन प्रभावकारी हुने विश्वास व्यक्त गरे । इसिमोडका महानिर्देशक डाक्टर पेमा ग्माम्त्सोले यस सम्मेलन विपद् जोखिम व्यवस्थापनका सन्दर्भमा महत्त्वपूर्ण प्रविधिको उपयोगका लागि चेताना अभिवृद्धि, स्रोतको व्यवस्थापनका साथै परिचालनका विषयमा जानकारी र विपद् पूर्वतयारीका बारेमा अर्थपूर्ण सन्देश प्रवाह गर्नुपर्ने बताए । रोशनकुमारी श्रेष्ठले विपद् जोखिम न्यूनीकरणसम्बन्धी चौथो राष्ट्रिय सम्मेलनले मानवीय, भौतिक र आर्थिक क्षति न्यूनीकरणका लागि विपद् जोखिमको आकलन र जोखिम न्यूनीकरणमा ज्ञान, सीप र दक्षता अभिवृद्धिमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरिन् ।

सम्मेलनले नीतिनिर्माता, अभ्यासकर्ता, विकास साझेदार, शिक्षाविद्, नागरिक समाज, निजी क्षेत्रका प्रतिनिधिहरू र सामुदायिक नेताहरूका लागि अनुभवहरू साझा गर्न, नवीन अभ्यासहरू र नेपाल बाहिरका विपद् जोखिम व्यवस्थापनबाट सिकेका पाठहरू साझा गर्न नेपालको प्रमुख प्लेटफर्मका रूपमा काम गर्ने जानकारी गराइएको छ ।

# सुरक्षित स्थान पहिचान गर्न नसक्दा बस्ती विपद्को जोखिममा छन् : मन्त्री घिसिङ

**काठमाडौं/मस–** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले भौगोलिक जोखिम र सुरक्षित स्थान पहिचान गरेर बस्ती बसाउन नसक्दा हरेक वर्ष विपद्बाट जनधनको क्षति हुने गरेको बताएका छन् ।



विश्व बसोबास दिवसको अवसरमा सहरी विकास तथा भवन निर्माण विभाग र संयुक्त राष्ट्रसंघीय मानव बसोबास कार्यक्रमले सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा उनले मानिसको सामाजिक, वातावरण र आर्थिक पक्ष जोड्न नसक्दा एकीकृत बस्ती कार्यक्रम पनि सफल हुन नसकेको बताए ।

'देशका केही ठाउँमा एकीकृत बस्ती निर्माण गऱ्यौं, तर समुदायलाई सामाजिक, वातावरण र आर्थिक पक्षसँग जोड्न नसक्दा ती बस्ती खाली हुन थाले । ग्रामीण र सहरी क्षेत्रका अव्यवस्थित बस्तीलाई सुरक्षित एवं व्यवस्थित बनाउनु अहिलेको सबैभन्दा ठूलो चुनौती हो', मन्त्री घिसिङले भने, 'मनसुनजन्य विपद्बाट बच्न पूर्वसूचना प्रवाह गर्दागर्दै पनि भौगोलिक रूपमा जोखिमयुक्त स्थानको 'म्यापिङ' गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न नसक्दा हरेक वर्ष ठुलो जनधनको क्षति हुने गरेको छ । अब यसमा गम्भीर बन्नुपर्ने आवश्यकता छ ।'

उनले सहर विकासको गुरुयोजना तयारी गरी कुनै एउटा सहरलाई नमूनाका रूपमा विकास गर्ने र सोहीअनुसार पूर्वाधार संरचना निर्माण गरी अन्य सहर विकासमा अनुशरण गर्न सकिने उल्लेख गरे ।

'जग्गा खण्डीकरण गरी सहर विकास गरिने अभ्यास रहेको छ, अब यसलाई अन्त्य गर्न सहर विकासको एकीकृत गुरुयोजना तयार गरी अगाडि बढ्नुपर्नेछ', मन्त्री घिसिङले भने, 'नदी किनार सुन्दर नभइकन सहरी सौन्दर्य कायम हुन सक्दैन, त्यसैले काठमाडौं उपत्यकाका नदी करिडोर किनारमा रहेका बस्तीको व्यवस्थापन आवश्यक छ ।' उनले ग्रामीण क्षेत्रमा सडक, बिजुली, टेलिफोन, खानेपानीलगायतका पूर्वाधार पुगे पनि बस्ती भने घट्दै गएकामा चिन्ता व्यक्त गरे ।

यसैगरी मन्त्री घिसिङले आफूले सम्हालेका मन्त्रालय र मातहतका निकायमा हुने भ्रष्टाचार, अनियमिता र ढिलासुस्तीमा शून्य सहशीलताको अपनाइने बताएका छन् । सोही नीतिअनुसार कोही अनियमिततामा संलग्न भएको पाइए तत्काल कारबाही गरिने उनको भनाइ थियो ।

मन्त्री घिसिङले ठुला सहर विकास गर्नुपर्ने काममा केन्द्रित हुने सहरी विकास मन्त्रालय आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएर टुक्रे योजनामा लाग्न नहुनेमा जोड दिए ।

# तनहुँका न्यायिक समितिमा दुवै पक्षको जित हुनेगरी मुद्दा टुंग्याइँदै

**तनहुँ/मस–** तनहुँका स्थानीय तहमा रहेको न्यायिक समितिले दुवै पक्षको जित हुनेगरी मुद्दा टुंग्याउने कार्यलाई प्राथमिकतामा राखेको छ । जिल्लाका नगरपालिका र गाउँपालिकामा रहेका न्यायिक समितिले मेलमिलापका माध्यमबाट मुद्दाको किनारा लगाउँदै आएको छ । यसले गर्दा दुवै पक्षलाई जितको महसुस गराउन सकिएको बताइएको छ ।

सदरमुकामस्थित व्यास नगरपालिकामा गत आर्थिक वर्षमा १ सय १६ मुद्दा दर्ता भएकामा ८८ मुद्दा फछ्र्योट भएका छन् । न्यायिक समितिका संयोजक एवं नगरपालिकाका उपप्रमुख इन्दिरा दरैले नगरपालिकाले मेलमिलापका माध्यमबाटै मुद्दाको छिनोफानो गर्दै आएको उल्लेख गरिन् । उनले भनिन्, ' न्यायिक समितिमा मुद्दा दर्ता भएपछि दुवै पक्षसँग छलफल गर्छौं, दुवै पक्षलाई जितको आभाष दिलाउन मेलमिलापको नीति लिएका छौं ।'




नगरपालिकामा फोहोरमैला व्यवस्थापन, लेनदेन, साँध सिमाना विवाद, घरबहाल, कुलो पानी, जग्गा खिचलो, महिला हिंसालगायतका मुद्दा दर्ता हुने गरेका छन् । नगरपालिकाले प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरेको छ । सामान्य विवादका घटना वडामै मिलाउने उद्देश्यसहित नगरपालिकाले वडावडामा नै मेलमिलाप केन्द्र स्थापना गरिएको दरैले बताइन् ।

'सबै मुद्दा न्यायिक समितिमा पठाउँदा मुद्दाको चाप बढी हुने गर्छ, सामान्य विवादलाई वडामै छलफलबाट टुंग्याउन सकिन्छ' उनले भनिन् ।

बन्दीपुर गाउँपालिकामा १७ मुद्दा दर्ता भएकामा ११ वटा फछ्र्योट भएको न्यायिक समितिका संयोजक एवं गाउँपालिकाका उपाध्यक्ष पञ्चमाया गुरुङले बताइन् । उनले दुवै पक्षलाई हारको महसुस नहुनेगरी विवाद समाधानलाई पहिलो प्राथमिकतामा राखिएको जानकारी दिइन् ।

भिमाद नगरपालिकामा २६ मुद्दा दर्ता भएकामा २३ मुद्दा फछ्र्योट गरिएको उपप्रमुख एवं न्यायिक समितिका संयोजक शारदा खनालले जानकारी दिइन् ।

ऋषिङ गाउँपालिकाका उपाध्यक्ष एवं न्यायिक समितिका संयोजक गिनुमाया थापाका अनुसार पालिकामा १६ मुद्दा दर्ता भएकामा चार मुद्दा फछ्र्योट भएका छन् । शुक्लागण्डकी नगरपालिकामा ७९ मुद्दा दर्ता भएकामा ४७ मुद्दा फछ्र्योट भएको उपप्रमुख खुमबहादुर विकले जानकारी दिए ।

घिरिङ गाउँपालिकाका उपाध्यक्ष एवं न्यायिक समितिका संयोजक राधादेवी अधिकारीले पालिकामा १३ मुद्दा दर्ता भएकामा छ मुद्दा फछ्र्योट भएको उल्लेख गरिन् । भानु नगरपालिकामा ६० मुद्दा दर्ता भएकामा ४४ मुद्दा फछ्र्योट भएको उपप्रमुख उमा गोतामले बताइन् ।

स्थानीय शासन ऐन २०७४ बमोजिम नगरपालिकामा उपप्रमुखका संयोजकत्वमा न्यायिक समिति गठन भएको छ । न्यायिक समितिमा दर्ता हुने केही मुद्दामा न्यायिक समितिले फैसला गर्ने र केही मुद्दा मेलमिलापबाट टुंगो लगाउनुपर्ने कानुनी प्रावधान रहेको छ ।

स्थानीयस्तरमा शान्ति, सौहार्द्र र मेलमिलाप कायम गरी स्थानीय विकास प्रक्रियालाई टेवा पुऱ्याउन, महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुसलमान, पिछडा वर्ग, सीमान्तकृत समुदायको सशक्तिकरण गरी सहभागितामूलक तरिकाबाट विवाद समाधान गर्न सहयोग गरी समाजमा न्याय, मानवाधिकार र नागरिक हितको संवर्द्धनमा मेलमिलाप केन्द्रले सहयोग पुग्ने विश्वास गरिएको छ ।

# प्रमुख प्रशासकीय अधिकृतसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** भेरी नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत दलबहादुर घर्तीसहित सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता राजेन्द्र कुमार पौडेलका अनुसार घर्तीसहित उक्त नगरपालिकामा ईन्जिनियर पदमा कार्यरत मोहन मल्ल, सामाजिक विकास अधिकृत अनिश साह, कानुन अधिकृत प्रकाश कुमार शाही, लेखापाल राजेन्द्र बहादुर कठायत, नायब सुब्बा कृतिबहादुर थापा र थापा/सविन/सुदर्शन जेभी खलंगा ४ जाजरकोट र उक्त जेभीका आधिकारिक प्रतिनिधि थापा निर्माण सेवाका प्रोप्राइटर दिपबहादुर खत्रीविरुद्ध सो भ्रष्टाचार मुद्दा दायर भएको छ ।

आयोगका अनुसार आर्थिक वर्ष २०८०/८१ मा 'कारागार रानागाउँ नेटीबजार सडक' निर्माणका लागि दुई करोड ८० हजार रुपैयाँ तथा नगर कार्यपालिकाले भ्याट, कन्टिजेन्सी समेत दुई करोड ८० लाख ४२ हजार ७ सय ४३ रुपैयाँ बजेट विनियोजन भएको थियो ।

उक्त आयोजनाको बोलपत्र आह्वान २०८० मंसिर १० गते ईजीपी पोर्टलमामा गरिएको र राष्ट्रियस्तरको पत्रिका सूचना प्रकाशित नगरिएको आयोगको विज्ञप्तिमा उल्लेख छ ।




सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५१ (१) मा बोलपत्र तयार गर्ने र खरिद सम्झौता गर्न आवश्यकसूचना प्राप्त बोलपत्र दाताले आफ्नै खर्चमा निर्माणस्थलको भ्रमण गराउन सक्ने व्यवस्था विपरीत गैरकानुनी लाभ प्राप्ति गर्ने र नेपाल सरकार तथा सार्वजनिक संस्थालाई हानि पुऱ्याउने बदनियतले आफ्नो जिम्मामा रहेको सम्पत्ति हिनामिना गराउने बदनियतले निर्माणस्थल भ्रमणलाई अनिवार्य शर्तको रुपमा राखेको देखिएको आयोगले जनाएको छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई सोमबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।

# विमानस्थलबाट गाँजासहित तीन भारतीय पक्राउ

**काठमाडौं/मस–** प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार क्षेत्रबाट अवैध लागुऔषध गाँजासहित तीन भारतीय नागरिकलाई पक्राउ गरेको छ ।



पक्राउ पर्नेहरूमा ५० वर्षीय सलिम इब्राहिम अन्सारी, २४ वर्षीय रेहान मोहम्मद अजाज शेख तथा ३२ वर्षीया जैनब वशीर रहेका केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए ।

एयर एसियाको उडानद्वारा बैंककबाट काठमाडौं आएका उनीहरूलाई त्रिभवुन अन्तरराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय र भन्सार कार्यालयबाट खटिएको संयुक्त टोलीले जाँच गर्ने क्रममा करिब ११ किलो २ सय ७५ ग्राम गाँजा फेला पारी पक्राउ गरेको हो ।

# मालपोत कार्यालयमा जलेका स्रेस्ता कायम गर्न थालियो

**दाङ/मस–** जेनजी आन्दोलनका क्रममा आगजनी गरेर नष्ट गरिएका स्रेस्ता कायम गर्न मालपोत कार्यालयले काम थालेको छ ।

मालपोत कार्यालय तुलसीपुर र घोराहीले जलेका स्रेस्ता कायम गर्नका लागि सूचना जारी गरी मोठहरू कायम गर्न थालेको हो । मालपोत कार्यालय तुलसीपुरका नायव सुब्बा एवं सूचना अधिकारी शान्तराज गौतमका अनुसार मोठ कायम गर्न दुवै कार्यालयले जग्गाधनीसँग भएको सकल जग्गाधनी प्रमाण पुर्जा र प्रतिलिपि, नेपाली नागरिकताको सकल प्रमाणपत्र र प्रतिलिपि, चालु आर्थिक वर्षको मालपोत बुझाएको रसिद र प्रतिलिपि तथा जग्गा रोक्का भएमा राख्ने निकायको सहमति ल्याउनुपर्ने छ ।

जग्गाधनीसँग भएको सकल जग्गाधनी पुर्जा र एलआरएमआईसमा भएको अभिलेख भिडेमा प्रणालीबाट त्यस्तो जग्गाको श्रेस्ताको प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम गरिने सूचना अधिकारी गौतमले बताए ।




उनका अनुसार यदि त्यसमा फरक पर्न गएमा डिएमएसमा भएको अभिलेखसँग रुजु गर्ने र एलआरएमआइएसमा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको स्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम गर्ने तथा यी दुबैमा नभिडेमा तामेलीमा रहेको अभिलेख भिडेको अवस्थामा एलआरएमआईएसमा विवरण अद्यावधिक गरी त्यस्तो जग्गाको श्रेस्ता प्रिन्ट गरी प्रमाणित गरी नयाँ स्रेस्ता कायम गर्ने गरी सूचना जारी गरिएको छ ।

### सम्मानजनक...

नै चलाउनपर्ने बाध्यता आएको कांग्रेस केन्द्रीय सदस्य प्रतिमा गौतमले बताइन् । विशेष महाधिवेशनको माग गर्न ४० प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरेर बुझाएपछि त्यसको तीन महिनाभित्र विशेष महाधिवेशन गर्नै पर्ने वैधानिक व्यवस्था कांग्रेसमा छ । विशेष महाधिवेशनको पक्षमा ५३ प्रतिशत प्रतिनिधिले हस्ताक्षर गरेको गौतमको दाबी छ ।

'हाम्रो पहिलो एजेन्डा नियमित महाधिवेशन नै हो । तर नियमितका नाममा नेतृत्व र उनको वरिपरि बस्ने नेताहरूले समय थप्ने प्रपञ्च रचेको खण्डमा विशेष महाधिवेशन भनेर हस्ताक्षर संकलन गरेका हौं,' उनले भनिन् । संस्थापन पक्षका नेताहरूले फोन गरेर हस्ताक्षर नबुझाउन दबाब दिइरहेका छन् । केन्द्रकै दबाबमा कैलालीलगायतका केही प्रतिनिधिले हस्ताक्षर फिर्ता पनि लिएका छन् ।

विशेष महाधिवेशनका नाममा महामन्त्रीहरूले संकलन गरेको महाधिवेशन प्रतिनिधिको हस्ताक्षर बैठकमा प्रस्तुत गर्ने-नगर्ने विषयमा कुरा नमिल्दा सोमबारको कार्यसम्पादन समितिको बैठक मंगलबारलाई सरेको सहमहामन्त्री भीष्मराज आङ्देम्बेले बताए । 'महामन्त्रीहरूले हस्ताक्षर दर्ज गराउने भन्ने छ । अरू साथीहरूले बैठकमा हस्ताक्षर दर्ता गराउनुपूर्व नियमित महाधिवेशनका विषयमा छलफल गरेर जानुपर्ने अडान राख्दा कार्यसम्पादन समितिको बैठक सरेको हो ।'

पार्टीलाई पुनर्गठन गरेर जनतामाझ नयाँ ढंगले जानुपर्ने उनको भनाइ छ । उनले मध्यान्हसँग भने, 'मंसिरमै हाम्रो समय सकिएकाले विशेषभन्दा दुई/तीन महिनाको समय दिएर नियमित महाधिवेशनमा जाँदा भूगोलदेखिको पार्टी संरचना बदलिन्छ । अनि मात्रै पार्टीमा पुनर्संरचना भएको आमकार्यकर्ताले महसुस गर्छन् ।' मंगलबार केन्द्रीय समितिको बैठकपूर्व कार्यसम्पादन समितिको बैठक बसेर एजेन्डाहरू तय गर्ने उनले बताए ।

संस्थापनतर्फका नेताहरूले भने असन्तुष्ट पक्षले हस्ताक्षर संकलन गरेर पार्टी विभाजनको रेखा कोरेको आरोप लगाएका छन् । पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकमा यस्तो आरोप लगाएका थिए । सिटौलाले मंसिरमा महाधिवेशन गर्न सम्भव नहुने भन्दै चुनावपछि महाधिवेशन गर्नुपर्ने तर्क अघि सारेका छन् । दुई पक्षको तानातानमा मध्यमार्गी उपायको पनि खोजी भइरहेको छ । देउवाको सम्मानजनक बिदाइका लागि महाधिवेशन गर्ने, उपसभापति खड्कालाई केन्द्रीय समितिबाटै कार्यवाहक तोक्नेदेखि केन्द्रीय समिति नै भंग गरेर एक जनालाई संयोजक तोक्नेसम्मको विकल्पमा कांग्रेसभित्र छलफल भइरहेको छ । यद्यपि, सभापति देउवाले अहिलेसम्म कसैलाई कार्यवाहक तोक्ने संकेत गरेका छैनन् ।

### 'विपिन...

परराष्ट्रमन्त्री एनपी साउद १२ अक्टोबर २०२३ मा इजरायलको तेल अभिभ पुगेका थिए । नेपाली विद्यार्थी उद्धारका लागि उनको भूमिकाको प्रशंसा भएको थियो ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि सन् २०२३ नोभेम्बर २५ (२०८० मंसिर ९)मा नेपाल भ्रमणमा रहेका कतारका विदेश राज्यमन्त्री सुल्तान बिन साद अल-मुरैखीसँगको भेटमा विपिनको रिहाइका लागि पहल गरिदिन आग्रह गरेका थिए । साथै विपिनका आमाले इजरायली राष्ट्रपतिसँग विपिनकी छोराको शीघ्र रिहाइका लागि पहल गरिदिन आग्रह गरेकी थिइन् । बहिनी पुष्पाले पनि राष्ट्रपति हर्जोगसँग आफ्नो दाइ विद्यार्थीका रूपमा आएको र निर्दोष भएको भन्दै हमासको बन्धकबाट मुक्त गराउन अपिल गरेकी थिइन् । राजदूत पण्डितले पनि राष्ट्रपतिसमक्ष विभिन्न तवरबाट पहल गरेर विपिनको स्थितिबारे जानकारी गराउन अनुरोध गरेका थिए । जवाफमा इजरायली राष्ट्रपति हर्जोगले विपिनको रिहाइका लागि कोसिस भइरहेको बताए पनि अन्ततः उनको शव पठाउने तयारी गरेको छ ।

### कोरियासँग...

श्रम मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले मन्त्रीस्तरीय निर्णयबाट गर्नुपर्ने कामका लागि प्रधानमन्त्री कार्यालयमा नै फाइल पठाउने गरिएको बताएका छन् ।

### अब विदेश...

विभागले इजाजत प्राप्त अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूले हाल प्रयोग गरिरहेको अपरेसन डेस्क एप्लिकेसनलाई अद्यावधिक एवं राष्ट्रिय परिचयपत्र प्रणालीसँग आबद्ध गरेको भन्दै वैदेशिक रोजगारीमा जाने व्यक्तिको वास्तविक पहिचान हुने व्यवस्था गरिएको बताएको छ ।

विभागले बुधबारदेखि संस्थाहरूले नयाँ ब्याच सञ्चालन गर्दा अपडेटेड डेस्कटप एप्लिकेसन र उक्त एप्लिकेसन सञ्चालनसम्बन्धी म्यानुअल विभागबाट प्राप्त गरी सञ्चालन गर्न सकिने बताएको छ । विभागले त्यसअघि नै वैदेशिक रोजगारमा जान अभिमुखीकरण तालिम लिने व्यक्ति अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध हुनुपर्ने बताएको छ ।

### संवैधानिक...

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको भेटमा पनि यस विषयमा छलफल भएको थियो ।

सरोकारवालाहरू संवैधानिक परिषद्को बैठक बसेर नियुक्ति प्रक्रिया अगाडि बढाउन केही समस्या रहेको बताउँछन् । किनभने प्रतिनिधि सभा विघटन छ । यसबेला प्रमुख विपक्षी दलको नेता छैन । ६ सदस्यीय संवैधानिक परिषद्मा विपक्षी दलको नेता एक जना हुन् । बाँकी सदस्यहरूमा सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र प्रधानन्यायाधीश छन् । अध्यक्ष प्रधानमन्त्री हुन्छन् । यो अवस्थामा बैठक बस्न र निर्णय गर्न सर्वसम्मत निर्णय हुनुपर्ने बाध्यता छ । किनभने बहुमतमा निर्णय गर्न सक्ने कानुनी व्यवस्था शून्यतामा छ ।

संवैधानिक नियुक्तिको निर्णय भए तापनि थप प्रक्रिया बढ्न अप्ठ्यारो छ । किनभने संसदीय सुनुवाइ हुन प्रतिनिधि सभा नै विघटित अवस्थामा छ । यस्तोमा निर्णय भएको ४५ दिनपछि नियुक्त हुन सक्ने नियमावलीमा व्यवस्था र विगतको नजिर छ । संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति कार्यसञ्चालन नियमावलीको नियम २६ मा सिफारिस भएको ४५ दिनभित्र सुनुवाइ गरी सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था छ । ४५ दिनभित्र सुनुवाइ समितिले सम्बन्धित निकायमा आफ्नो निर्णय उपलब्ध गराउन नसकेकोमा सुनुवाइका लागि पठाइएको पदमा नियुक्तिका लागि बाधा नपर्ने उल्लेख छ । यही समय गुजारेर नियुक्त हुन सक्नेगरी प्रधानमन्त्री कार्कीले सर्वसम्मतिमा निर्वाचन आयोगमा प्रमुख आयुक्त र अख्तियारमा आयुक्त नियुक्तिको प्रक्रियामा अगाडि बढ्न खोजेकी हुन् ।

# पूर्वसभामुख महराविरुद्ध मुद्दा दर्ता : ८ करोड बिगो दाबी

**काठमाडौं/मस–** विद्युतीय चुरोट (भेप)मार्फत सुन तस्करी गरेको आरोपमा पक्राउ परेका नेकपा माओवादी केन्द्रका नेता तथा पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएको छ।

जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख रामहरि काफ्लेले महराविरुद्ध भन्सार छली र संगठित अपराधको कसुरमा मुद्दा दर्ता भएको पुष्टि गरेका छन्।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले महरालाई आइतबार पक्राउ गरेको थियो। अनुसन्धानका लागि म्याद थप नगरी सोमबार नै सरकारी वकिलको कार्यालयले मुद्दा दर्ता गरेको हो। महराविरुद्ध ८ करोड ५५ लाख २८ हजार ३ सय ७४ रुपैयाँ बिगो र तीन



वर्षभन्दा बढी कैद सजायको माग दाबी गरिएको छ।

यो प्रकरण २०७९ पुस १० गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा फ्लाई दुबईको उडानमार्फत नेपाल आएका चिनियाँ नागरिक लि हानसोङले दुई सुटकेसमा लुकाएर ल्याएको ७ सय ३० वटा विद्युतीय चुरोट (भेप) भित्र ९ किलो सुन तस्करी गरेको घटनासँग जोडिएको छ। अनुसन्धानमा महराका छोरा राहुल महरा पनि यसअघि सोही मुद्दामा पक्राउ परिसकेका छन्।

प्रहरी अनुसन्धानले महरा र उनका छोराले चिनियाँ तस्करसँग सम्पर्कमा रहेको र विमानस्थल भन्सार कार्यालयका कर्मचारीलाई सुन छुटाउन टेलिफोन सम्पर्क गरेको खुलासा गरेको छ। यद्यपि, पहिलो चरणमा महरा र उनका छोरालाई प्रतिवादी बनाइएको थिएन।

यसअघि २०८० चैत ५ गते पनि महरा सोही सुन तस्करी प्रकरणमा पक्राउ परेका थिए। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि यस विषयमा अनुसन्धान गरिरहेको छ र केही दिनअघि महराको बयान लिएको थियो।

# जेनजी आन्दोलनका घाइतेको वर्गीकरण गरिँदै

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जेनजी आन्दोलनमा घाइते भएककाहरुको वर्गीकरण गर्नेभएको छ। गत भदौ २३ र २४ गते जेनजी आन्दोलनमा घाइते भएका व्यक्तिहरुको वर्गीकरण गर्नका लागि स्वास्थ्य मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा.सरोज शर्माको संयोजकत्वमा प्राविधिक समिति गठन गरिएको छ। टोलीमा विभिन्न विज्ञ १० जनालाई समितिको सदस्यमा समावेश गरिएको छ।

घाइतेहरुको वर्गीकरणको मापदण्ड बनाउने कार्य सुरु गरिएको संयोजक डा शर्माले जानकारी दिए। उनले भने, 'विशेषज्ञको टोलीसहित हामीले अधयययन गरिरहेका छौँ। चोटपटक सामान्य, मध्यम वा गम्भीर भनेर ग्रेडिङ गर्ने काम भइरहेको छ।'

स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार हालसम्म अस्पतालमा उपचारका लागि भर्ना भएका घाइतेको संख्या दुई हजार ३ सय १६ जना रहेको छ।

# शैक्षिक क्षेत्रलाई सुधार गर्न एक्सन प्लान बनाउँदै शीतगंगा

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २७ असोज

अर्घाखाँचीको शितगंगा नगरपालिकाले नगरभित्र रहेका १ सय ९ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूसँग संयुक्त बैठक सम्पन्न गरेको छ। नगर प्रमुख छबिलाल पौडेलको अध्यक्षता र उपप्रमुख गीतादेवी भाटको उपस्थितिमा सम्पन्न बैठकमा शैक्षिक सुधार, संस्थागत सुशासन र विद्यालय व्यवस्थापनमा दक्षता अभिवृद्धिका विषयमा विस्तृत छलफल गरिएको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले जानकारी दिए।

नगर प्रमुख पौडेलले बदलिँदो परिस्थिति र समयलाई बुझ्दै



विद्यालयका प्रअहरूले व्यवहारिक सोच, उत्तरदायित्व र नतिजामुखी कार्य गर्नुपर्ने आवश्यकता औँल्याए। उनले शिक्षा देशको भविष्य निर्माणको मेरुदण्ड भएको बताउँदै गुणस्तरीय शिक्षामाथि विशेष ध्यान दिन आग्रह गरे।

बैठकले विद्यालय सुधारका लागि प्रत्येक विद्यालयका प्रअहरूसँग कार्यसम्पादन सम्झौता गर्ने निर्णय गरेको छ। उपप्रमुख गीतादेवी भाटले विद्यालय वरिपरि सरसफाइ गर्न र झाडी फाड्न निर्देशन दिँदै शिक्षामा पारदर्शिता र सुशासन सुनिश्चित गर्न जोड दिइन्।

जेन्जी आन्दोलनका कारण केही समय विद्यालय बन्द हुँदा विद्यार्थीमा परेको असर न्यूनीकरण गर्न विद्यालयहरूले पूरक कक्षा सञ्चालन गर्ने, गृहकार्य मूल्यांकन, परामर्श र पुनःअध्यापन कार्यक्रम अघि बढाउने निर्णय गरिएको छ।

नगरपालिकाले प्रधानाध्यापक नियुक्ति प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र कानूनी प्रावधानअनुसार गर्ने निर्णय गरेको छ। साथै, स्यानिटरी प्याड विसर्जन प्रविधिमूलक रूपमा व्यवस्थापन गर्ने, सामाजिक परीक्षण, लेखा परीक्षण र विद्यालय सुधार योजना तयार गरी सबै खर्च सार्वजनिक गर्ने निर्णय पनि गरिएको छ।

बालबालिकाको पोषण सुधारका लागि दिवा खाजाको रकम समयमै माग र व्यवस्थापन गर्ने, कक्षा ८ र एसईई परीक्षाको तयारी सुदृढ गर्न नियमित अभ्यास, मोक टेस्ट, पुनरावृत्ति कक्षा र अभिभावक सहकार्य कार्यक्रम सञ्चालन गर्ने योजना नगरपालिकाले बनाएको छ।

त्यसैगरी, हरेक शुक्रबार विद्यालयहरूले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने निर्णय गरिएको छ। यसमार्फत विद्यार्थीको सिर्जनात्मक क्षमता र नेतृत्व विकासका लागि खेलकुद, साहित्य, कला, संगीत र व्यवहारिक गतिविधिलाई प्रोत्साहन दिइनेछ।

# दुवै मिर्गौला फेल भएकी गीतुको उपचारमा मोना कतार र अक्षयकोषको साथ



**तिलु शर्मा पौडेल/मध्यान्ह**
म्याग्दी, २७ असोज

मोना कतारले दुवै मिर्गौला फेल भएर उपचार गराइरहेका म्याग्दी जिल्लाका एक बिरामीलाई आर्थिक सहयोग गरेको छ। पोखरामा अवस्थित आस्था किड्नी एन्ड स्पेशलाइज्ड हस्पिटल प्रा.लिमा डायलिसिस गराई रहेकी मगंला गाउँपालिका वडा न ५ छिस्वाङ दिहिकी गीतु क्षत्रीको उपचारका लागी ८४ हजार ५ सय रुपैयाँ नगद सहयोग गरेको हो।

मोना कतारको वर्तमान कार्यसमिति सहित विभिन्न व्यक्तिहरूबाट संकलन गरेको ६९ हजार ५ सय र मोना कतार बहुउद्देश्यीय अक्षयकोषबाट १५ हजार रुपैयाँ गरी उक्त रकम सहयोग गरिएको हो। बिरामीलाई भेट्न र सहयोग हस्तान्तरण गर्न अस्पतालको डायलासिस कक्षमै मोना कतारका महासचिव शिव खड्का, प्रमुख सल्लाहकार राजु पौडेल र अक्षयकोषका कोषाध्यक्ष रमेश पौडेल पुगेका थिए। क्षेत्रीले मोना प्रति आभार व्यक्त गरिन भने सहयोगीका तर्फबाट खड्काले शिघ्र स्वास्थ्य लाभको कामना गरेका थिए। गीतुका श्रीमान तारा क्षेत्री वैदेशिक रोजगारीका लागी कतारमा रहँदा मोना कतारको सचिव पदमा रहेर सामाजिक कार्यमा अग्रसर रहेका थिए। आफूले कमाएको र बचत गरेको सबै रकम उपचारमा खर्चिसके पछि मात्र सहयोगको याचना गरेको बताउँदै थप सहयोगको अपेक्षा गरेको बताए। कतारमा तथा जिल्लामा अग्रणी सहयोगी सामाजिक संस्थाको रूपमा परिचित मोनाले म्याग्दीमा बर्सेनी विभिन्न कार्यक्रममार्फत आवश्यक सहयोग गर्ने गरेको छ।

# दोलखामा राति १० बजेसम्म मात्र देउसी–भैलो खेल्न पाइने

**राजकुमार भुजेल/मध्यान्ह**
चरिकोट, २७ असोज

जिल्ला प्रशासन कार्यालय दोलखाले तिहारका बेला देउसी-भैलो लगायतका मनोरञ्जनात्मक कार्यक्रम राति १० बजेसम्म मात्र सञ्चालन गर्न आग्रह गरेको छ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले सोमबार जारी गरेको सूचनामा जिल्लाबासीलाई मर्यादित र व्यवस्थित रूपमा चाडपर्व मनाउन अनुरोध गर्दै शान्ति सुरक्षा र सामाजिक मर्यादामा असर पर्ने गतिविधि नगर्न





आग्रह गरिएको छ।

सूचनामा मादक पदार्थ सेवन गरेर होहल्ला, झैझगडा वा समाजमा अशान्ति सिर्जना गर्ने, कानुन विपरीत जुवातास, लंगुर बुर्जा, भूइँचम्पा, पटाका, अतीसबाजीजस्ता विस्फोटक तथा प्रज्वलनशील पदार्थको प्रयोग, ओसारपसार, बिक्री-वितरण नगर्न-नगराउन चेतावनी दिइएको छ।

प्रशासनले देउसी-भैलो कार्यक्रमलाई मर्यादित बनाउन र अन्य मनोरञ्जनात्मक गतिविधि पनि बेलुकी १० बजेपछि नगर्न अनुरोध गरेको छ। निर्देशन उल्लंघन गर्ने व्यक्तिहरूविरुद्ध प्रचलित कानुनअनुसार कारबाही हुने प्रशासनले जनाएको छ।

# पानीको खाल्टोमा डुबेर तीन बालिकाको मृत्यु

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, २७ असोज

रौतहटको गौर नगरपालिका-१, कानुपट्टी नजिकैको भित्री सडकमा बाढीको पानी जमेको खाल्डोमा डुबेर तीन बालिकाको ज्यान गएको छ। मृत्यु हुनेमा राजदेवी नगरपालिका-८, लक्ष्मीपुर टोलका १३ वर्षीया आस्था कुमारी बैठा, १५ वर्षीया रागनी यादव र मौसमी बैठा रहेका छन्।

जिल्ला प्रहरी कार्यालय गौरका अनुसार सात जना बालिकाको समूह घाँस काट्न गौरतर्फ जाँदै थियो। बाटोमा बाढीको पानी जमेको खाल्डोमा तैरने क्रममा उनीहरू खाल्डोमा परेका थिए। घटनाको जानकारी पाउनासाथ भन्सार सुरक्षा गार्ड, जिल्ला प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको संयुक्त टोली उद्धारका लागि खटिएको थियो।

उद्धार टोलीले चार बालिकालाई सकुशल उद्धार गरेको छ। उद्धार गरिएकामा १३ वर्षीया मुस्कान कुमारी, १० वर्षीया चन्द्रमुखी कुमारी राम, १५ वर्षीया सुनिता कुमारी बैठा र १० वर्षीया मुस्कान कुमारी बैठा रहेका छन्। मृतक बालिकाहरूको शव हाल प्रादेशिक अस्पताल गौरमा राखिएको छ।यो घटनाले स्थानीय समुदायमा शोक छाएको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।


## कलेजको लागि जग्गा चाहियो

टेक्स्पायर कलेजको लागि रिङरोड भित्र १० रोपनी जग्गा खरिद गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले दिइएको नम्बरमा वा इमेलमा सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८०१८७८१००
Email : info@techspire.edu.np

## Vacancy for Advance Caregiver Trainer

Advance Care Giver Trainer - 1 (Male/Female)

Salary Negotiable

**QUALIFICATION**
- Bachelor degree passed on any filed of Education.
- Should be experience as a advance care giver training.
- Should be know N2 Level Japanese language skill.
- Should be have experience in Caregiver trainer at least 3 years.
- Jitsumusya kensyu (Advance care giver) E-learning teaching experience person.

To apply Please submit your CV at : info@hachikojlc.com
Contact us at 011-665592/ +977-9823011567

**Hachiko Language & Training Centre**
Address banepa-7 kavrepalanchok

**Lumbini Province Government**
**Ministry of Urban Development and Water Supply**
**Water Supply and Sanitation Office**
**Rukum East**

**भुल सुधार गरिएको सूचना**
प्रकाशित मिति : २०८२/०६/२८

मिति २०८२/०६/२७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा मन्त्रालयको नाम Ministry of Urban Development and Water Supply हुनुपर्नेमा Ministry of Urban Planning and Water Supply भुलवस भएको र Contract Identification No. मा अन्तिम भागमा क्रमश : 082-83/1 हुनुपर्नेमा 082-83/01 भएको र 082-83/2 को साटो 082-83/02 भएकोले भुल सुधार गरिएको यसै सूचना द्वारा जानकारी गराईन्छ।

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**कोशी अस्पताल**
**बिराटनगर, मोरङ**

**दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना ।**

**प्रकाशन मिति–२०८२/०६/२८**

यस अस्पतालबाट तपशिल बमोजिको सूचना प्रकाशन गरी विद्युतिय शीलबन्दी दरभाउपत्र आह्वान गरिएकोमा निर्धारित समयावधी भित्र रितपुर्वक दर्ता हुन आएका दरभाउपत्रहरू मध्ये तपशिल अनुसारका दरभाउपत्रदाता न्यूनतम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई छनौट भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| सि.न. | ठेक्का नं. | ठेक्काको नाम | स्वीकृत हुने बोलपत्रदाताको नाम | कबोल अंक रु. |
|---|---|---|---|---|
| 1 | KH/SQ/M-01/2082-083 | Horizontal Autoclave Machine 400 ltr. | श्री गणेश इन्जिनिरिङ बिराटनगर-८ मोरङ | ७,३१,३०१.०० |
| | | BClass Autoclave Machine 23 ltr. | श्री जे. एच. एस ट्रेडर्स प्रा. लि बालुवाटार, काठमाण्डौ | २,८८,०००.०० |

**प्रमुख मेडिकल सुपरिटेण्डेण्ट**

**भीमदत्त नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति–२०८२/०६/२८**

भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०८२/०६/१० गते प्रकाशित बोलपत्र सूचना अनुसार तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभुतरुपमा प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्याङन समितिको वैठकको निर्णयबाट स्विकृतिका लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ वमोजिम सम्बन्धित सबैको जाकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | बोलपत्रदाताको नाम, ठेगाना | ठेक्का कवोल अंक (मू. अ. कर बाहेक) |
|---|---|---|---|
| ७/आआ/२०८२/०८३ | महाकाली नदी (भीमदत्त नगरपालिका वडा नं. ११, १२ र १३ र दोधरा चाँदनी नगरपालिका वडा नं. १) प्राकृतिक श्रोत नदीजन्य पदार्थको (ढुंगा, गिट्टी, बालुवा तथा ग्राभेल आदि) बिक्री शुल्क संकलन | जया कैलाशपति बिल्डर्स – के.डि. जे. भी., भीमदत्त-४, कञ्चनपुर | रु. ८७०,००,०००।०० |

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

केन्द्रीय कार्यालयः
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com

**शाखारहित बैंकिङ (बि.एल.बि एजेन्ट) सेवा बन्द गरिएको सूचना**

यस कामना सेवा विकास बैंक लि. र तपसिलमा उल्लिखित फर्म बीच शाखारहित बैंकिङ सेवा सञ्चालनको लागि एकापसमा सम्झौता भई शाखारहित बैंकिङ प्रतिनिधि (बिएलबि एजेन्ट) को रुपमा काम गर्दै आएकोमा २०८२/०६/२४ देखि लागू हुने गरी निजसँग भएको सम्झौता रद्द गरी व्यवसायिक प्रतिनिधि बन्द गरिएको हुँदा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। तसर्थः उपरोक्त प्रतिनिधि (बिएलबि एजेन्ट) मार्फत कुनै पनि कारोवार नगर्नु हुन अनुरोध गर्दछौं। यस सार्वजनिक सूचना प्रकाशन भए पश्चात् पनि निज मार्फत निरन्तर कारोवार गर्नु भएमा उक्त कारोवारहरुको बिषयमा यस बैंक जवाफदेही नहुने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

**एजेण्ट सम्बन्धी विवरण :**

| नाम | ठेगाना |
|---|---|
| श्री राम चौधरी तयारी पोसाक उद्योग | जानकी गाउँपालिका वडा नं. ५ अमौरा, कैलाली |

## बहराइनमा रोजगार

कम्पनी: LULU CONTRACTING CLEANING AND MAINTENANCE W.L.L — शहर: Bahrain
पूर्व स्वीकृत मितिः २०८२/०६/२७ — चलानी नं.: ६०२४६०७७ — LT. No.: 332419

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Job | 25 | 15 | स. काममा दक्ष | 100 | ३७,५५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ४ गते (21 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PANDORA INCORPORATION PVT. LTD.** Govt. Lic. No. 502/061/062
Samakhusi, Kathmandu, Tel +977-1- 4987601, 4987608. Email: pandorainc14@gmail.com.
Mobile No: 9709711121, 9709711120, 981-8465637, 986-1133194, 985-1007872, 9847259822.

## Malaysia मा रोजगार

Sunrise Security Sdn. Bhd.
पुर्व स्वीकृती मितिः २०८२/६/२७ — चलानी नं. ६०२४६०६६ — LT No.: 332375

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security | 10 | 0 | [illegible] | 1700 | ५७,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

Monarch Security Force Sdn. Bhd. पुर्व स्वीकृती मितिः २०८२/६/२७ चलानी नं. ६०२४६०६७ LT No.: 332376

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security | 10 | 0 | [illegible] | 1700 | ५७,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | [illegible] | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०८२ कार्तिक ४ गते (21 Oct., 2025) यस प्रा. लि. को कार्यलय महालक्ष्मीस्थान, ललितपुरमा हुनेछ ।

**Takura Overseas Pvt. Ltd.** Govt. Lic. No. : 1538/078/079
Mahalaxmisthan-15, Lalitpur, Tel : 01-4529674, 4529675
Mob.No: 9802325537, Email: sd.takuraoverseas@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
२८ असोज २०८२ मंगलबार
14 October 2025 Tuesday

सम्पादकीय

## आन्दोलनकारी र लुटेरा छुट्टयाएर कारबाही गर

जेनजी विद्रोहपछिको विध्वंस र अराजकताले उत्पन्न भय तथा असुरक्षाको बादल हटिसकेको छैन । राज्य दमनविरूद्धको आक्रोश तत्कालीन सरकार ढाल्नमा मात्र सीमित भएन, त्यसैसँग मिसिएर राष्ट्रिय सम्पदामाथि आक्रमण गरियो । सिंहदरबार, सर्वोच्च अदालत, शीतल निवासदेखि देशैभर प्रहरीचौकी र सरकारी कार्यालयमा तोडफोड, आगजनी र लुटपाट भए । उसैगरी निजी क्षेत्र, मिडिया र विद्यालयमाथि समेत हमला गरियो । नेता, प्रशासकसँगै प्रतिष्ठित उद्योग व्यवसायीका घर पनि जलाइए । झट्ट हेर्दा जनआक्रोश देखिए पनि यो एकै दिनको आवेगले मात्र भएको देखिँदैन । राज्यका प्रमुख तीन अंगका मुख्यालयमा ३ घण्टाभित्रै आगजनी गरिएको छ । प्रहरीका अधिकारीहरू रसायन आक्रमण भएको बताइरहेका छन् । लुटिएका ९ सयभन्दा धेरै आधुनिक हतियार कसले कहाँ लग्यो रहस्यमय छन् । जेनजी आन्दोलनका केही अराजक अगुवाका धम्कीले प्रहरीहरू बिटमा बस्न सक्ने अवस्था छैन । नेपाल प्रहरीको मनोबल सशस्त्र द्वन्द्वकालमा झैं खस्किएको छ ।

बितेको १० वर्ष म्युजिकल चेयरमा रहेका तीन मुख्य दलप्रतिको बुझाइ र जेनजी विद्रोहलाई हेर्ने दृष्टिकोण व्यक्तिपिच्छे भिन्न हुन सक्छ । नेतृत्वविहीन आन्दोलनका उपलब्धिको जस लिन दर्जनौं समूह मैदानमा देखिए पनि भएका गल्तीको जिम्मेवारी लिन कोही निस्केको छैन । त्यस क्रममा भएका सबै हर्कतलाई आन्दोलनकारीको थाप्लोमा थुपार्नु कलिलो पुस्तामाथि अन्याय हुन्छ । आन्दोलनमा भएको घुसपैठ, अराजक र अपराधिक समूहको संलग्नतालाई फौजदारी अपराधकै आँखाले हेरिनुपर्छ । त्यसका लागि सरकारले गठन गरेको उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन पर्खिरहनुपर्दैन । आयोग स्वयंले पनि पटकपटक सरकारलाई स्मरण गराइसकेको छ । तर घटनालगत्तै प्रहरीले अघि बढाएको कारबाही प्रभावित पार्नेगरी गृह मन्त्रालयले वक्तव्य निकालेरै आयोगले हेर्ने भनिदियो । जसका कारण अनुसन्धानका लागि पक्राउ परेका थुप्रै आरोपित छाडिए । त्यसले दण्डहीनताको स्थिति पैदा गरेको छ ।

हजारौं कैदी फरार रहेको, सयौं हतियार लुटिएको र प्रहरी प्रशासन खुम्चिएका बेला शान्ति सुरक्षाको स्थिति नाजुक बनेको छ । भयको वातावरण बनेको छ । निजी क्षेत्रले भौतिक तथा लगानी असुरक्षाको महसुस गरेको छ । चाडवाडको बेलासमेत बजार अपेक्षित चलायमान हुन सकेन । यसको मुख्य कारण देशभर व्याप्त भय–त्रास, अनिश्चितता र असुरक्षा नै हो । यो स्थिति लामो समयसम्म कायम भएमा लगानीको वातावरण बिग्रिने मात्र होइन्, पुँजी पलायनको स्थिति पनि आउन सक्छ । अतः सरकारले आन्दोलनकारी र लुटेरा समूह छुट्याएर प्रभावकारी अनुसन्धान अघि बढाउनुपर्छ । जेनजी वा अरू कुनै बाहनामा अपराधीले उन्मुक्ति पाउनुहुँदैन ।

# जेनजी आन्दोलन र दलका चुनौती

*दलहरूमा नेतृत्व गतिशीलता र नवयुवाको अवसरका लागि अनुकूलता छैन । दलहरूका शीर्ष नेतृत्वको स्तरमा स्थायित्व र पिँढीको अन्तरले गर्दा नयाँ नेतृत्वको अवसर खुलाएको छैन ।*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

नेपालमा राजनीतिक दलहरूका पुराना संरचनाहरू र नेतृत्वहरू समयसँगै अनुकूलित हुन सकेनन् । जेनजी आन्दोलनले यसको स्पष्ट संकेत दिएको छ कि नेपाली समाजमा वर्तमान राजनीतिक दलहरूसँग जनताको विश्वास घटिरहेको छ । यस आन्दोलनका क्रममा युवाहरूले स्वच्छ, सक्षम र नैतिक नेतृत्वको माग गरेका छन् । विशेषगरी, पार्टीका आन्तरिक संरचनामा देखिएका गम्भीर समस्या, दलका नेताहरूको स्वार्थी दृष्टिकोण र भ्रष्ट शैलीप्रति युवाहरू प्रहार गरेका छन् ।

नेपालका राजनीतिक दलहरूले अहिलेको घटनाक्रमका आधारमा आफूलाई फेरि परिभाषित गर्नु आवश्यक भएको छ । जेनजी आन्दोलनले राजनीतिक दलहरूको नेतृत्व र संरचनामा व्यापक सुधारको आवश्यकता औंल्याएको छ । यसले केवल युवा वर्गको अपेक्षालाई मात्र ध्यानमा राखेको छैन, बरु समग्र समाज र लोकतन्त्रको पुनर्निर्माणको पक्षमा पनि ध्यान आकर्षित गरेको छ ।

### आत्मसमीक्षा र सुधारको आवश्यकता

जेनजी आन्दोलनले दलहरूलाई एकपटक गहिरो आत्मसमीक्षाको आवश्यकता बोध गराएको छ । यो आन्दोलनको सन्देश- राजनीतिक दलहरूले आफूलाई पुनः समीक्षा गर्न र आफ्नो संगठनात्मक ढाँचामा सुधार ल्याउन अनिवार्य छ । आत्मसमीक्षा भनेको केवल आफ्ना विफलतामा पछुतो गर्नु मात्र होइन, अपूर्णता र कमजोरीहरूलाई बुझेर यथासम्भव सुधारका उपाय अपनाउनु हो ।

पार्टीको संगठनमा युवा वर्गको समावेशिता र नेतृत्वमा युवा शक्ति समेट्नका लागि एउटा व्यवस्थित र समावेशी प्रक्रिया आवश्यक छ । दलहरूले राजनीति र संगठनको शैलीलाई युवा दृष्टिकोणबाट अनुकूलित गर्नुपर्छ । तर एक कुरा स्पष्ट हुनैपर्छ, यो प्रक्रिया केवल युवा सशक्तीकरणको नाममा एक पार्टी विशेषको सदस्यताको बढोत्तरी मात्र होइन, एक नैतिक र दुरुस्त नेतृत्वको निर्माण हो जसले समाजलाई सही दिशा दिन सक्छ ।

### जनसंगठन र नेतृत्वको पुनर्गठन

नेपालका प्रमुख राजनीतिक दलहरूका जनसंगठनहरूको संरचना र भूमिकामा व्यापक सुधार आवश्यक छ । विशेषगरी राजनीतिक दलसँग सम्बन्धित युवा विद्यार्थी संगठनहरूको भूमिका समीक्षा गरिनुपर्छ । यी संगठनहरूलाई अब दलका भ्रातृ संरचनाको रूपमा मात्रै नहेरी तिनीहरूलाई स्वायत्त र स्वतन्त्र संगठनका रूपमा सुदृढ बनाउन आवश्यक छ । अहिलेको परिप्रेक्ष्यमा, जनसंगठनहरूको भूमिका प्रभावकारी बन्न सकेको छैन । यसका कारण पार्टी नेतृत्वको नवीकरण र आन्तरिक संरचनामा सुधार ल्याउनुपर्ने आवश्यकता महसुस भएको छ ।

नेपालको राजनीतिमा जनसंगठन र दलहरूको सम्बन्धलाई पुनर्संरचना गर्ने आवश्यकता देखिन्छ । युवाहरूको सक्रिय सहभागिता र उनीहरूको आस्थावादी दृष्टिकोणलाई आत्मसात् गरेर जनसंगठनलाई दुरुस्त र सबल बनाउनुपर्छ । यसले दलहरूलाई आफ्ना सदस्यहरूको आवाजलाई पहिचान गर्न र आगामी नेतृत्व निर्माणमा युवाहरूको योगदानलाई समावेश गर्न मद्दत पुऱ्याउँछ ।

### सहरी समुदाय र युवा राजनीति

नेपालका सहरी समुदायसँग राजनीतिक दलहरूको सम्बन्ध अझै कमजोर छ । नेपालका सहरी जनसंख्याले बढी आर्थिक अवसर, स्मार्ट सार्वजनिक सेवाहरू र उन्नत भौतिक संरचनाहरूको चाहना राख्छन् । तसर्थ, सहरी समुदायसँग राजनीतिक दलहरूले संवाद गर्ने शैलीमा




परिवर्तन आवश्यक छ । नेपालका सहरी क्षेत्रका राजनीतिक दलहरूले केही यस्ता नयाँ विधिहरू अपनाउनुपर्ने हुन्छ, जसले सहरी समुदायलाई उनीहरूको प्राथमिकतासँग जोड्न सकोस् । सहरी समुदायका युवाहरू प्रायः प्रौद्योगिकी, सामाजिक सेवाहरू, व्यक्तिगत र सामाजिक स्वार्थका पक्षमा ध्यान दिन्छन् । दलहरूले यस क्षेत्रमा आफ्नो उपस्थिति मजबुत गर्न, इन्फ्लुयन्सर्सको भूमिका, सामाजिक मिडियाको प्रभाव र पारदर्शिता सुनिश्चित गर्नुपर्छ ।

साथै, सहरी युवाहरूलाई अब कुनै पार्टीका सदस्यता र संगठनका परम्परागत रूपले आकर्षित गर्न सकिँदैन । उनीहरूलाई सक्रिय राजनीतिक प्रक्रिया र कार्यक्रममा सहभागी गराउनुपर्ने हो भने यी प्रक्रिया जानकारी र संवादमा आधारित, प्रतिस्पर्धी र तात्कालिक आवश्यकतासँग मिल्दो हुनुपर्छ ।

### अवसरविहीन नवयुवा

नेपाली राजनीतिक दलहरूमा नेतृत्वको गतिशीलता र नवयुवाको अवसरका लागि अनुकूलता छैन । दलहरूका शीर्ष नेतृत्वको स्तरमा स्थायित्व र पिँढीको अन्तरले गर्दा नयाँ नेतृत्वको अवसर खुलाएको छैन । यसका परिणामस्वरूप, नयाँ र ऊर्जाशील युवा नेताहरू दलबाट असन्तुष्ट छन् र उनीहरूको सहभागिता सीमित छ ।

त्यसैले, दलहरूको नवउत्थानका लागि नेतृत्वको गतिशीलता अत्यन्त आवश्यक छ । नेतृत्वका अवसरलाई पिँढीको संघर्षका रूपमा सीमित नगरी, युवाहरूलाई सक्रिय राजनीति र नेतृत्वमा ल्याउन थप अवसर दिनुपर्छ । नेतृत्वको चयन प्रक्रिया पारदर्शी र निष्पक्ष बनाउन पार्टीहरूलाई नयाँ दृष्टिकोणबाट सोच्न र कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । साथै, कार्यसम्पादन मूल्यांकन र निरन्तर सुधारका अवसरलाई सिर्जना गर्नुपर्छ ।

> *राजनीतिक दलहरूले आफ्नो संरचना र कार्यशैलीलाई जेनजी आन्दोलनका सन्देशअनुसार परिवर्तन गर्नुपर्ने अत्यन्त आवश्यकता छ । नेतृत्वमा गतिशीलता, लोकतान्त्रीकरण र युवा सहभागिताबिना कुनै पनि दल सफल हुन सक्दैन ।*

### पार्टी लोकतन्त्र र स्वायत्तता

नेपालका प्रमुख राजनीतिक दलहरूमा पार्टी लोकतन्त्र र स्वायत्तताको सही सन्तुलन कायम गर्नुपर्ने आवश्यकता छ । लोकतान्त्रीकरण भनेको केवल नेताको चयन मात्र होइन, पार्टीका सदस्यहरूको सक्रियता र स्वतन्त्रता पनि हो । पार्टी संरचनामा व्याप्त भेदभाव, आन्तरिक संघर्ष र अस्वच्छ कार्यशैलीले दललाई कमजोर बनाएको छ ।

पार्टीहरूको नवउत्थानको प्रमुख कदम भनेको यस्ता संरचनागत सुधारहरू गर्ने हो जसले दलको आन्तरिक लोकतन्त्रलाई बलियो बनाउँछ । यसको अर्थ भनेको केवल सदस्यको स्वीकृति र सहभागिता मात्र होइन, नेतृत्वको आलोचनात्मक मूल्यांकन र सक्रिय सहभागिता पनि हो । यसले दललाई सशक्त र अधिक जनतासँग जोडिने बनाउँछ ।

### निष्कर्ष

नेपालका राजनीतिक दलहरूले आफ्नो संरचना र कार्यशैलीलाई जेनजी आन्दोलनका सन्देशअनुसार परिवर्तन गर्नुपर्ने अत्यन्त आवश्यकता छ । नेतृत्वमा गतिशीलता, लोकतान्त्रीकरण र युवा सहभागिताबिना कुनै पनि दल सफल हुन सक्दैन । पार्टीहरूलाई जनसंगठनका मुद्दामा सुधार, सहरी समुदायसँगको सामञ्जस्य र नेतृत्वको अवसरको सृजनामा कदम चाल्नु पर्छ । यदि यस्ता सुधारहरू लागू गर्न सकियो भने, नेपालका राजनीतिक दलहरू लोकतान्त्रिक र सशक्त भविष्य निर्माण गर्न सक्षम हुनेछन् ।

नवउत्थानका यी सुधार पार्टीका संरचनामा समावेश गर्न केवल समयको आवश्यकता छैन तर नेतृत्वको सही दृष्टिकोण र देशको आवश्यकता बुझेर परिवर्तनको लहर अघि बढाउनुपर्नेछ । यसले नेपाली राजनीतिक दलहरूलाई नयाँ उचाइमा पुऱ्याउन सक्छ र जेनजी आन्दोलनले उचालेका सवालहरूको जवाफ दिन सक्छ ।

## इतिहासमा आज

१४ सेप्टेम्बर २००२ मा टोटल लिनहास एरियास फ्लाइट ५५६१ ब्राजिलको परानापानेमा नजिकै दुर्घटनाग्रस्त भएको थियो । जसमा दुवै पाइलटसहित सबै यात्रुको मृत्यु भएको थियो ।



१४ सेप्टेम्बर १९९७ मा भारतको मध्य प्रदेशको बिलासपुर जिल्लामा अहमदाबाद-हावडा एक्सप्रेसका पाँचवटा बोगी नदीमा खस्दा ८१ जनाको मृत्यु भएको थियो ।



१४ सेप्टेम्बर १९९२ मा बोस्निया र हर्जेगोभिनाको संवैधानिक अदालतले अलग्गिएको क्रोएसियाली गणतन्त्र हर्जेग-बोस्नियालाई अवैध घोषित गरेको थियो ।



१४ सेप्टेम्बर १९६० मा मोबुतु सेसे सेकोले संसद र संविधान निलम्बन गर्दै सैन्य विद्रोहको आडमा कंगोको सत्ता कब्जा गरेका थिए ।



# सरकारको पक्षधरता र सामाजिक न्याय

विचार



● डा. शम्भू कट्टेल

> *यो सरकार अहिले चेपुवामा छ । यसको सीमाहरू छन् । यदि यो सरकारले विद्रोही र भ्रष्टाचारी दुवै पक्षलाई खुसी पार्ने प्रयास गऱ्यो भने कुनै पनि पक्ष सन्तुष्ट हुँदैन र अन्ततः सरकार असफल हुन्छ । त्यो असफलता ढिलोचाँडो अर्को भयानक जनविद्रोहको निम्तो बन्न सक्छ ।*

जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारको सफलता वा असफलता त्यसले लिने पक्षधरतामा भर पर्छ । नयाँ पुस्ताको विद्रोहबाट बनेको गृहमन्त्रीले विद्रोहमा संलग्न वास्तविक जेन्जी र अवास्तविक जेन्जी सबैलाई धरपकड वा कारबाही नगर्नू भन्ने आदेश दिए भन्ने चर्चा अहिले चुलिएको छ । यसले सरकार र गृहमन्त्रीकै चरित्र र अभिप्रायमाथि प्रश्न उठाएको छ ।

एकथरी मानिस भन्छन्, सो विद्रोह राजनीतिक नभएर आतंकवादी गतिविधि थियो, त्यसैले विद्रोहीलाई सजाय हुनैपर्छ । तर गृहमन्त्रीले उनीहरूलाई जोगाउने प्रयास गरे, सरकार आतंककारी पक्षमा उभियो भन्ने आरोप लगाइन्छ । अर्का थरी मानिसहरू भन्छन्, यो एक राजनीतिक विद्रोह थियो । यस्तो विद्रोहमा संलग्न राजनीतिक कार्यकर्तालाई दमन गर्नुहुँदैन । केही गलत कामहरू भए, ती घुसपैठ गरेका गलत तत्वहरूले गरे । ती तत्वहरूलाई चिनेर मात्र कारबाही गर्नुपर्छ ।

वर्तमान राज्यसत्ताले यस विद्रोहलाई राजनीतिक विद्रोहकै रूपमा बुझेको अवस्थामा पंक्तिकार पनि सो मतअनुसार अघि बढ्नु उपयुक्त ठान्छ ।

यो विद्रोह समर्थक सरकारले विद्रोहले उठाएको आकांक्षा– विशेषतः सुशासन र भ्रष्टाचारको अन्त्य पूरा गर्नु यसको मुख्य दायित्व हो । पहिलो प्राथमिकता, भ्रष्टाचार गरेर जम्मा गरिएको धनको राष्ट्रियकरण गर्नु र त्यसमा संलग्न भ्रष्टाचारीहरूलाई कडा कारबाही गर्नु हो । यसैगरी, दोस्रो प्राथमिकता, भ्रष्टाचार हुन नदिने प्रणाली निर्माण गर्नु, यसका लागि नयाँ कानुन र नियम बनाउनु, अध्यादेश जारी गर्नु र नयाँ चुनावमार्फत वैधता प्राप्त गर्नु हो । तेस्रो प्राथमिकता, विद्रोहको नाममा घुसपैठ गरी गलत कार्य गर्ने तत्वहरूलाई पहिचान गरी उनीहरूलाई मात्र कारबाही गर्नु हो ।

सबै कदमहरू सामाजिक न्यायको आधारमा लिनुपर्छ । घुसपैठिया गलत तत्वहरूको नाममा निर्दोष, वास्तविक विद्रोही युवाहरू कारबाहीको चपेटामा पर्नुहुँदैन । त्यस्तै, घुसपैठिया तत्वहरू, विद्रोहीहरूमाथि अन्तर्राष्ट्रिय मान्यताविपरीत गोली हान्ने वा विगतका राज्य शक्तिहरूका सहयोगी भएर सार्वजनिक धनको निजीकरण गर्ने भ्रष्टाचारीहरू उम्कन पनि हुँदैन । माओवादी द्वन्द्वका जघन्य अपराधहरूलाई अबकभ दथ अबकभ हेर्ने आवाज उठिरहेझैं, यसपल्ट पनि सोही विधि अपनाउनु आवश्यक छ । सबैलाई एउटै तराजुमा तौल्न मिल्दैन ।

जघन्य अपराध के हो भन्ने कुरा सजिलो छैन । विद्रोहले प्रायः पुराना कानुन मान्दैन । किनभने विद्रोहको उद्देश्य नै त्यो पुरानोलाई अस्वीकार गर्नु हो । २००७ सालका विद्रोहीले राणा शासन, २०४६ का विद्रोहीले पञ्चायती व्यवस्था र २०६२/६३ का विद्रोहीले त्यसपछिको व्यवस्था मानेनन् । त्यसैले, जनविरोधी र देशघाती तत्वहरूमाथि कारबाही गर्नु विद्रोहको धर्म हो । तर निजी सम्पत्ति र जीउधनमा भएको नोक्सानीलाई आधार बनाएर विद्रोहीहरूलाई सजाय दिन मिल्दैन ।

यस्तो ध्वंसात्मक गतिविधि गर्नेहरू (जसले सार्वजनिक भवन, अभिलेख जलाउने, विदेशी प्रविधि प्रयोग गर्ने, नकाब लगाएर गोली चलाउने, नेपालमा नभएको गोली प्रयोग गर्ने, सिभिल ड्रेसमा रहेका सुरक्षाकर्मी प्रयोग गर्ने आदि) घुसपैठ गरेका एजेन्ट वा अपराध छिपाउने शक्ति हुन् । यस्ता क्रियाकलाप गर्नेहरूको पहिचान गरी, केस बाई केसका आधारमा सार्वजनिक रूपमा हदैसम्मको कारबाही गर्नुपर्छ । यसले निर्दोष विद्रोही युवाहरू कारबाहीमा पर्न नदिने सुरक्षा दिन्छ ।

देशमा जेन्जीबाहेकका अन्य सकारात्मक परिवर्तनकामी राजनीतिक शक्ति पनि छन् । ती शक्तिहरू व्यापक जनसहभागिताबाट अन्तरिम सरकार गठन गरी आमूल परिवर्तनको आधार तयार गर्नुपर्ने आवाज उठाइरहेका छन् । उनीहरू वर्तमान सरकारलाई विद्रोहको आकांक्षा अनुरुप काम गरेसम्म असहयोग गर्ने पक्षमा छैनन् तर प्रत्यक्ष सहयोग पनि गर्दैनन् । तर पुराना भ्रष्ट नेताहरूको प्रभावमा रहेका पार्टीहरूको ठुलो हिस्सा चाहिँ सरकार असफल होस् भन्ने चाहनामा लाग्न सक्छ ।

यो सरकार अहिले चेपुवामा छ । यसको सीमाहरू छन् । यदि यो सरकारले विद्रोही र भ्रष्टाचारी दुवै पक्षलाई खुसी पार्ने प्रयास गऱ्यो भने कुनै पनि पक्ष सन्तुष्ट हुँदैन र अन्ततः सरकार असफल हुन्छ । त्यो असफलता ढिलोचाँडो अर्को भयानक जनविद्रोहको निम्तो बन्न सक्छ । त्यसैले, सरकारले स्पष्ट रूपमा पक्षधरता देखाउनैपर्छ–र त्यो पक्ष भ्रष्टाचारविरुद्धको हुनुपर्छ ।

सरकारले अनौपचारिक रूपमै भए पनि देशका अन्य परिवर्तनकामी शक्तिसँग एक हदसम्मको समझदारी गरेर अघि बढ्यो भने त्यो देश र जनताको हितमै हुनेछ । राजनीतिक विद्रोहबाट बनेको सरकारले आफ्नो मूल प्रेरणा- विद्रोहको आकांक्षाअनुसार नै राजनीतिक दृष्टिकोणबाट अगाडि बढ्नुपर्छ । पुरानो कानुनी हिसाबले होइन, सामाजिक न्यायको गहिरो आधारमा जानुपर्छ । यदि सरकारले यस्तै बाटो समायो भने मात्र त्यसको वैधता, सफलता र जनसमर्थन सुनिश्चित हुनेछ ।

## सामाजिक सञ्जाल



**नीलाम्बर आचार्य**

परिस्थिति अत्यन्त गम्भीर छ । हल्का टिप्पणी गर्न मन छैन । भरपर्दो टिप्पणीका लागि भरपर्दो जानकारी छैन । विचार बनाइहाल्न गाह्रो छ । पत्रपत्र र पाटापाटा खुल्दै जालान् । अहिलेसम्मको जानकारीले धेरै प्रश्न उब्जाएको छ । उत्तर खोजौं ।

जेनजीका नाममा हाइड्रो पावरको सेयर हत्याउने, कानुनबमोजिम कानुनी प्रक्रियामा गएका आरोपी छुटाउने र स्थानीय तहमा हुने निजी-सरकारी अभ्यासमा अनावश्यक लाभ लिने समूहबाट खतरा देखियो । यस्ता समाचारहरूले उमेर समूहको छवि बिगार्ने मात्र होइन 'रुल अफ ल'प्रति विश्वास घटाउँछन् । गृह प्रशासन सचेत होस् ।



**नारायण अमृत**



**शरदराज पाठक**

जेनजी आन्दोलनको आकांक्षा देशमा विधिको शासन कायम होस् भन्ने थियो । विधिले सुशासनलाई प्रवर्धन गर्ने थियो । जेनजीका अगुवा भन्दै निजी लाभ लिने, सरकारी अड्डा घुम्दै थर्काउँदै हिँड्ने समूहलाई निरुत्साहित गर्नुपऱ्यो । सरकारको काम भीडले गर्ने हैन । सरकार आफ्नो उपस्थिति देखाऊ !

'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भनेजस्तै देश भूराजनीतिको गम्भीर चक्रब्युहमा फस्दै गरेको, संकट गहिरिँदै गएको बेला पार्टी चलाउँछु, परिआए देश चलाउँछु भनेर धक्कु लाएर उमेर बिताएका मानिसहरू पेटी इन्ट्रेस्ट 'पेटी इन्टेस्ट'मा दौडेको देख्दा दया लागेर आउँछ ।



**राजेन्द्र लिङ्देन**

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता वितरण

**सूर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २७ असोज



रोल्पाको परिवर्तन गाउँपालिकाले ज्येष्ठ नागरिक तथा अन्य लाभग्राहीका लागि सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज बनाउन नयाँ पहल थालेको छ । गाउँपालिकाले पहिलो पटक वडा कार्यालयबाटै भत्ता वितरण सुरु गरेको हो ।

सोमबार परिवर्तन गाउँपालिका-२, राङ्सीको वडा कार्यालयमा आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष सुख बहादुर बुढा मगरले ज्येष्ठ नागरिक जयपुरी घर्तीलाई भत्ता हस्तान्तरण गरी यो अभियानको औपचारिक सुरुवात गरे ।

परिवर्तन गाउँपालिकाले गाउँमै सेवा पुऱ्याउने उद्देश्यले वडा कार्यालयबाट भत्ता वितरणको व्यवस्था गरेको हो । यसअघि ज्येष्ठ नागरिकहरूले गाउँपालिकाको केन्द्र वा बैंकमा पुगेर भत्ता बुझ्नुपर्दा लामो दूरी हिँड्नुपर्ने र सवारी खर्चमा १५ सयदेखि ४५ सय रुपैयाँसम्म खर्च हुने समस्या थियो । यो नयाँ व्यवस्थाले समय र खर्च दुवैको बचत हुने अपेक्षा गरिएको छ ।

ज्येष्ठ नागरिक जयपुरी घर्तीले वडा कार्यालयमै भत्ता पाउँदा खुशी व्यक्त गर्दै भनिन्,'घर नजिकै भत्ता पाउँदा धेरै सजिलो भयो । पहिला गाउँपालिका पुग्न धेरै कष्ट हुन्थ्यो ।'

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत निमबहादुर केसीले यो पहलको मुख्य उद्देश्य टाढा-टाढा बस्ने ज्येष्ठ नागरिकलाई सहज सेवा प्रदान गर्नु रहेको बताए । उनले भने, 'हामीले गाउँमै सेवा पुऱ्याउने नीति लिएका छौं । सवारी साधनको अभाव र लामो दूरीको यात्राले ज्येष्ठ नागरिकले सास्ती भोग्नुपरेको थियो । अब वडा कार्यालयबाटै भत्ता वितरणले यो समस्या समाधान भएको छ ।'

गाउँपालिका अध्यक्ष सुख बहादुर बुढा मगरले भने, 'हाम्रो उद्देश्य छिटो, छरितो र विश्वसनीय सेवा प्रदान गर्नु हो । वडा कार्यालयबाट सेवा विस्तारले जनतासँग प्रत्यक्ष जोडिन सकिएको छ ।' उनले दोस्रो कार्यकालमा जनताको मागलाई प्राथमिकता दिँदै प्रभावकारी सेवा प्रवाहमा जोड दिएको बताए ।

राङ्सी वडा कार्यालयमा आयोजित भत्ता वितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष सुख बहादुर बुढा मगर, उपाध्यक्ष कलादेवी खत्री, प्रमुख प्रशासकीय अधिकृत निम बहादुर केसी, वडा अध्यक्ष हरिप्रसाद बुढा मगर, प्रशासन शाखा प्रमुख ललित कुमार बुढा, लेखापाल हरिष डाँगी, पञ्जिकरण शाखा प्रमुख अन्जु वली, योजना शाखा प्रमुख शिवराम खड्का, रोजगार सेवा केन्द्र शाखा प्रमुख अनिता भुसाल, विपद् व्यवस्थापन शाखा प्रमुख विकास विक्रम आले, सूचना अधिकृत ज्ञानेन्द्र कँवर, ग्लोबल आइएमई बैंक दुईखोली शाखा प्रमुख तचमन चन्द, अस्थायी प्रहरी पोष्ट पुतलाचौरका असई चित्रदेव पुरी र नगर प्रहरी जवान महेश घर्तीको उपस्थिति थियो । परिवर्तन गाउँपालिका-२, राङ्सी वडा कार्यालयबाट करिब २५० जना ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् ।


# Dhanapalthan Rural Municipality
# Office of Rural Municipal Executive
## Sorabhag, Morang
## Koshi Province, Nepal
## Invitation for Bids

**Second Date of Publication: October 14, 2025 (2082.06.28)**

1. Dhanapalthan Rural Municipality, Sorabhag, Morang invites electronic bids from eligible bidders for the following Sealed Quotation.

| S. N. | Contract Identification Number | Description of Work/Goods | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 01/DPTRM/SQ/ GOODS/2082-083 | Supply & Delivery Of Medicine for basic and emergency health services | 62,500.00 | 75 days from date of bid opening | 1,000.00 |

| | |
|---|---|
| Deadline for bid submission | October 29, 2025 (2082.07.12) till 12:00 hours. |
| Date, time and place of bid opening | October 29, 2025 (2082.07.12) on 13:00 hours at Dhanapalthan Rural Municipality, Morang. |
| Bank Account details for bid document fee | System Account Name: GA 1.1 DHANPALTHAN GA.PA. AANTARIK RAJASHO KHATA<br>Account no.: 29501400000048<br>Name of Bank: Nepal Investment Mega Bank Ltd., Karshiya Branch, Morang. |
| Account details for bid security amount | System Account Name: GA 3.1 DHANPALTHAN GA.PA. DHARAUTI KHATA<br>Account no.: 29501400000024<br>Name of Bank: Nepal Investment Mega Bank Ltd., Karshiya Branch, Morang. |

2. Interested eligible bidders may obtain further information from Dhanapalthan Rural Municipality, Sorabhag, Morang at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/
3. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
4. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# Bogatan-Phudsil Rural Municipality
# Office of the Rural Municipal Executive
## Chawarachautara, Doti
## Invitation for the Bids

**Date of Publication: 2082/06/28**

1. ***Bogatan-Phudsil Rural Municipality, Office of the Rural Municipal Executive*** invites electronic bids from eligible bidders for the Goods suppy of **Procurement for Supply and Delivery of Medicine** under Sealed Quotation.

| S. N. | Contract Identification Number | Description of Work | Estimated Amount (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 01/BPRM/SQ/2082/83 | Procurement for Supply and Delivery of Medicine | 25,04,650/- | 70,000/- | 1,000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Bogatan-Phudsil Rural Municipality office, Email: icto.bogatanmun@gmail.com, may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder May chooses to submit their bid electronically and may download/submit the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Internal Revenue account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. **Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Global IME Bank Ltd.
Name of Office: Bogatan Phudsil Rural Municipality, Doti
Office Code : 801077108
Office Account no.: 13304010000007 (For Bid fee)
Office Account no.: 13304010000004 (For Bid Security)

**Chief Administrative Officer**



**कतारमा रोजगार** कम्पनी : AMWAJ CATERING SERVICES LIMITED शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०६/२७ चलानी नं.: ६०२४६०२५ LT. No.: 332342

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bell Man | 300 | 0 | स. काममा दक्ष | 1000 | ३८,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ४ गते (21 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

WAHAA MANPOWERS SUPPLIER Govt Lic No. 469/060/061
**Wahaa Manpowers Supplier Pvt. Ltd.**
Kalopool 7, Kathmandu, Nepal., Tel: +977-014581670, 4583566
Email:wahaa.nepal@gmail.com/ 9851049622, 9851071299, 9803100224

**SAUDI मा रोजगार** Qut, the leading catering company
पूर्व स्वीकृती मिति: २०८२/६/२७ चलानी नं. : ६०२४६०११ LT No. 331761

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Staff | 5 | [illegible] | 1000 | ३७,८२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ कार्तिक ४ गते (21 Oct., 2025) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम इजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, थसिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**कुवेतमा रोजगार** कम्पनी: ALI MOHAMMAD THUNAYAN AL-GHANIM & SONS AUTOMOTIVE CO. देश : KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०३/१९ चलानी नं.: ६०२४०६१८ LT. No.:326725 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ac Technicians | 40 | 0 | सम्बन्धित काममा दक्ष | 255 | ११७,७५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Car Polisher | 25 | 0 | | 150 | ६९,२७० | | | | | | | |
| 3. | Cleaning Labour -indoor | 25 | 0 | | 85 | ३९,२५३ | | | | | | | |
| 4. | Denter For Car | 30 | 0 | | 255 | ११७,७५९ | | | | | | | |
| 5. | Heavy Vehicle Driver | 15 | 0 | | 180 | ८३,१२४ | | | | | | | |
| 6. | Light Driver | 15 | 0 | | 160 | ७३,८८८ | | | | | | | |
| 7. | Painter | 30 | 0 | | 255 | ११७,७५९ | | | | | | | |
| 8. | Parts Picker | 30 | 0 | | 150 | ६९,२७० | | | | | | | |
| 9. | Receptionist | 10 | 5 | | 380 | १७५,४८४ | | | | | | | |
| 10. | Service Advisor | 30 | 0 | | 250 | ११५,४५० | | | | | | | |

कम्पनी: FOUR SEASONS HOTELS देश : KUWAIT पूर्व स्वीकृत मिति: २०८१/०९/२४ चलानी नं.: ६०२३१०७३ LT. No.:316853 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AC Technicians | 5 | 5 | सम्बन्धित काममा दक्ष | 220 | १०१,५९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook General | 15 | 10 | | 163 | ७५,२७३ | | | | | | | |
| 3. | Housekeeping Attendant | 15 | 15 | | 145 | ६६,९६१ | | | | | | | |
| 4. | Security Guards | 10 | 5 | | 168 | ७७,५८२ | | | | | | | |
| 5. | Waiter/ Waitress | 15 | 15 | | 145 | ६६,९६१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ४ गते (21 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले | रोजगारदाताले | कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रोजगारदाताले |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर भ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**Vision & Value Overseas Pvt. Ltd.**
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194835 | 9863194834 | 9863194832

**Malaysia मा रोजगार** Panji Zaman Security Sdn. Bhd.
पुर्व स्वीकृती मिति: २०८२/६/२७ चलानी नं. ६०२४६००६ LT No.: 332281

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 25 | 0 | [illegible] | 1700 | ५७,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ कार्तिक ४ गते (21 Oct., 2025) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।

**Berjaya Resources Pvt. Ltd.** Gov. Lic. No. 1356/074/075
Tokha-5, Kathmandu, Nepal Tel.: 01-5929789,
970-8157052, 9862167976, 976-7276211, 9705095955
Email : Info@ berjayaresources.com | Web : Berjayaresources.com

**बहराइनमा रोजगार** कम्पनी: 1991 LAUNDRY शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/०६/२७ चलानी नं.: ६०२४६०७५ L.T. No.: 322418

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer/Helper | 2 | 0 | स. काममा दक्ष | 100 | ३७,५५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ४ गते (21 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

Govt. License No.: 1470/074/075
**ADVANCED MANAGEMENT CONSULTANTS** "manpower supply & recruitment consultant"
Samakhushi, Kathmandu 01-4964211, 4974211 cvtoamc@gmail.com www.amgroup.com.np
Kathmandu: 9801080183, 9801029663, 9801080059, 9801021737, 9801029662, 9801044492
Birtamode: 9824035531, 9807960966, 9801442369, 9801442370, 9801442371, 023-542357

**UAE मा रोजगार** Alsarh Recruitment Sole Proprietorship L.L.C
पुर्व स्वीकृती मिति: २०८२/०६/२७ चलानी नं.: ६०२४६००२ LT No.: 332282

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Worker/Labour | 200 | 0 | [illegible] | 1000 | ३८,५२५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ कार्तिक ४ गते (21 Oct., 2025) यस प्रा. लि. को कार्यालय गौशाला, काठमाडौंमा हुनेछ ।

**Apollo Menpower Services Pvt. Ltd.** Lic. No.: 22/048/049
Pinglasthan-09, Gaushala, Kathmandu, Tel.: 01-5901748, 5901370

**मलेसियामा रोजगार** कम्पनी: SATRIA PERKASA SECURITY SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०६/२७ चलानी नं.: ६०२४६००३ LT. No.:332305

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1700 | ५६,९६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ४ गते (21 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Sure Job Recruitment Pvt. Ltd.** Gov. Lic. No. 1540/078/79
Samakhusi - 26, Townplaning Kathmandu, Nepal
Tel No: 01-4958558, 4958559 Email: tmsglobalservice@gmail.com

**साउदीमा रोजगार** कम्पनी: KHAIT AND BASMAH EST. शहर: SAUDI ARABIA,HAFRUL BATIN
पूर्व स्वीकृत मिति: २०८२/०६/२६ चलानी नं.: ६०२४५९९३ L.T. No.:332224

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 1 | 0 | स. काममा दक्ष | 1600 | ६०,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ४ गते (21 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**R.P. International Consultancy P. Ltd** श्रम इजाजत नं. ४८१/०६१/०६२
Bishalnagar Chowk, Kathmandu, Nepal -Tel: 977-1-4443699, Fax: 977-1-4435847
Email: rpiconsultancy2005@gamil.com, Web.: www.rpinternational.com.np

**साउदी र कतारमा रोजगार** कम्पनी : SAUDI MANPOWER SOLUTIONS CO. शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८२/०६/२२ चलानी नं.: ६०२४५९४९ L.T. No.: 332010

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONSTRUCTION LABOURS | 20 | 0 | स. काममा दक्ष | 1000 | ३७,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ४ गते (21 October 2025) मा हुनेछ ।**

कम्पनी : CONSOLIDATED CONTRACTORS GROUP DOHA W.L.L. शहर: DOHA
पुर्व स्वीकृत मिति: २०८२/०६/२७ चलानी नं.: ६०२४६०६० L.T. No.: 332353

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 150 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४२,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 20 | 0 | | 2500 | ९७,१२५ | | | | | | | |
| 3. | Labour | 12 | 0 | | 1000 | ३८,८५० | | | | | | | |
| 4. | Labourer / Worker/ Building Worker / Worker | 90 | 0 | | 1000 | ३८,८५० | | | | | | | |
| 5. | Reinforc. Fitter | 250 | 0 | | 1100 | ४२,७३५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ९ र १० गते (26 & 27 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Gulf Manpower Services Pvt. Ltd.** श्रम इजाजत नं. ०२३/०४८/०४९
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333
Fax: 01-4435443, E-mail: gulf@mos.com.np, info@gulfmanpower.com.np
Website: www.gulfmanpower.com

# गण्डकी प्रदेशसभा बैठक डेढ महिनादेखि बस्न सकेन



कास्की/मस-'जेनजी' आन्दोलनका क्रममा गण्डकी प्रदेशसभा भवन क्षतिग्रस्त भएपछि प्रदेशसभाको कामकारबाही झण्डै डेढ महिनादेखि प्रभावित भएको छ। पछिल्लोपटक गत भदौ १६ गते प्रदेशसभा बैठक बसेको थियो। त्यसयता दुई पटकसम्म बैठक डाकिएकामा अन्तिम समयमा आएर स्थगित गरिएको थियो। बैठक कहिले बस्छ भन्ने अझै टुंगो छैन।

गत भदौ २५ गतेलाई बोलाइएको बैठक त्यसको अघिल्लो दिन भदौ २४ मा 'जेनजी' प्रदर्शनकारीले प्रदेशसभा भवनमा तोडफोड र आगजनी गरेपछि बैठक बस्न सकेको थिएन। 'जेनजी' आन्दोलनपछि उत्पन्न विषम परिस्थितिका कारण अनशिचतकालसम्मका लागि स्थगित गरिएको बैठक गत बुधबार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सभाकक्षमा बस्ने तय भएको थियो।

उक्त दिन पनि प्रदेशसभा बैठक सञ्चालन हुन सकेन। अन्तिम समयमा आएर विशेष कारण देखाउँदै प्रदेशसभा सचिवालयले बैठक स्थगित भएको सूचना निकाल्यो। अर्को सूचना नभएसम्मका लागि बैठक स्थगित गरिएको सचिवालयले जनाएको छ। सभामुख कृष्णप्रसाद धितालले प्राविधिक तयारी नपुगेका कारण बैठक स्थगित भएको बताए।

उनले भने, 'नयाँ ठाउँमा बैठक बस्नुपर्ने भएकाले व्यवस्थापकीय र प्राविधिक तयारी पनि सोही अनुसार गर्नुपर्ने अवस्था छ।अब तिहारपछि नै बैठक बस्छ, त्यतिञ्जेलसम्म तयारी पनि पुग्छ।' गत बुधबार बोलाइएको बैठकमा गाँजा खेती र खानी तथा खनिजसम्बन्धी विधेयकमा दफाबार छलफल गरी र पारित गर्ने सम्भावित कार्यसूचि तयारी थियो। प्रदेशसभा बैठक प्रभावित हुँदा कानुन निर्माणमा ढिलाइ हुने देखिएको छ।

पुनः प्रयोगमा ल्याउन नमिल्ने गरी प्रदेशसभा भवनलगायत संरचनामा क्षति पुगेकाले प्रदेशसभा बैठक सञ्चालनका लागि कृषि मन्त्रालयको भवनमा वैकल्पिक व्यवस्था गरिएको हो। हालै मात्र प्रदेशसभाको नयाँ भवन निर्माण सुरु गरिएकाले उक्त भवन नबनेसम्म अस्थायी संरचनाबाट प्रदेशसभाका कामकारबाही सञ्चालन हुने प्रदेशसभा सचिवालयले जनाएको छ।

'जेनजी' प्रदर्शनकारीले प्रदेशसभा भवनसहित मातहतका भवन, सवारीसाधनलगायतमा तोडफोड र आगजनी गरेका थिए। प्रदेशसभा भवन काठ र ढुंगाबाट बनेको पुरानो शैलीको संरचना भएकाले आगलागीले पूर्ण रूपमा क्षति पुऱ्याएको थियो। प्रदेशसभा सचिवालय रहेको भवन, विषयगत समिति, संसदीय दलका कार्यालय आदिमा पनि आगजनी गरिएको थियो।

# पार्टीमा ४० प्रतिशत युवा विद्यार्थी सहभागिताको माग



काठमाडौं/मस-नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी संघ (नेविसंघ)ले पार्टीका विभिन्न निकायमा युवा विद्यार्थीको ४० प्रतिशत सहभागिता सुनिश्चित गराउन माग गरेको छ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि पहिलोपटक बसेको नेविसंघको केन्द्रीय समितिको बैठकले राजनीतिक दलको पुनःसरचना प्रक्रिया अघि बढाई पार्टीका साथै संसद, संघ, प्रदेश र स्थानीय तहका निकायमा युवा तथा विद्यार्थीको कम्तीमा ४० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्न माग गरेको हो।

बैठकको निर्णयबारे जानकारी दिन सोमबार आयोजित पत्रकार सम्मेलनमा नेविसंघका अध्यक्ष दुजाङ शेर्पाले सबै राजनीतिक दलले आफ्ना विधान र नीतिगत दस्तावेजमा व्यापक परिमार्जन गरी पार्टीभित्र भ्रष्टाचार नियन्त्रणका लागि निष्पक्ष, पारदर्शी र प्रभावकारी आन्तरिक संयन्त्र स्थापना गर्नुपर्ने बताए।

नेविसंघले पार्टीलाई भ्रष्टाचार र बेतिथिबाट मुक्त गर्दै सुशासन र पारदर्शिता प्रवर्द्धन गर्ने उद्देश्यका साथ, पार्टीका इकाई सभापति, क्षेत्रीय सभापति, जिल्ला सभापति, केन्द्रीय सदस्य, पदाधिकारी तथा केन्द्रीय सभापतिसम्मका सम्पत्तिको अद्यावधिक विवरण पार्टीले प्रत्येक वर्ष सार्वजनिक गर्नुपर्ने नीति अवलम्बन गर्नुपर्ने बताएको छ।

यस्तै, जेनजी आन्दोलनले उठाएको भ्रष्टाचार र बेतिथिविरुद्धको आवाजलाई संस्थागत अभियानका रूपमा नेविसंघले अगाडि बढाउने भएको छ। अध्यक्ष शेर्पाले भ्रष्टाचार नियन्त्रणसम्बन्धी विद्यमान कानुनलाई समयानुकूल परिमार्जन गरी थप प्रभावकारी, थप दण्डनीय र रोकथाममुखी बनाउन नेपाल सरकार एवम् सम्बन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय बैठकले गरेको जानकारी दिए।

नेविसंघले विस २०४६ सालदेखि हालसम्म सरकारमा रहेका व्यक्तिको सम्पत्तिको निष्पक्ष छानबिन गर्ने व्यवस्था मिलाउन मागसमेत गरेको छ। जेनजी आन्दोलनमा घुसपैठ गर्ने, विभिन्न माध्ययमबाट हिंसा भड्काउने व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नसमेत नेविसङ्घले सरकारसँग माग गरेको छ। यस्तै, भदौ २३ गते युवा विद्यार्थीमाथि दमन गर्ने नेतृत्वलाई कडा कारबाही गर्नुपर्ने नेविसंघको माग छ।

यस्तै, जेनजी आन्दोलनका क्रममा आगजनी, तोडफोड र लुटपाटबाट सार्वजनिक तथा निजी सम्पत्ति जोगाउन योगदान पुऱ्याउने व्यक्तिहरूलाई पहिचान गरी सम्मान र संरक्षण गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायहरूलाई अनुरोध गरेको छ। नेविसंघले देशमा उत्पन्न राजनीतिक अविश्वास र दलप्रतिको जनअसन्तोषको मूल कारण नै उत्तरदायित्व, पारदर्शिता र आन्तरिक लोकतन्त्रको अभाव भएको ठहर गर्दै राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र निर्वाचनसम्बन्धी व्यवस्थामा आवश्यक संशोधन गरी दलहरूलाई उत्तरदायी, पारदर्शी र जनमुखी बनाउने कानुनी कार्यन्वियन सुनिश्चित गर्नुपर्ने बताएको छ।

# सिंगा तातोपानीमा स्नान गर्नेको भिड



**म्याग्दी/मस-** म्याग्दीको बेनी नगरपालिका-४ मा रहेको सिंगा तातोपानीका होटल तथा घरबास 'होमस्टे' केही दिनयता भरिभराउ भएका छन्। तातोपानी कुण्डमा स्नानका लागि देशका विभिन्न ठाउँबाट आएका पाहुनाहरूले त्यहाँका होटल र होमस्टे भरिएका हुन्।

तातोपानीका होटल व्यवसायी जीवन केसीले दसैंयता होटल र घरबासका कोठा खाली नभएका बताए। 'सानाठूला २० भन्दा धेरै होटलका कोठा एक हप्तायता भरिभराउ भएका छन्', उनले भने, 'होमस्टेमा पाहुनाहरूले आफैं पकाएर खाने र बस्नका लागि घरका कोठा पनि पाउन मुस्किल भएको छ।'

व्यवसायीका अनुसार तातोपानीमा हाल बास बस्ने पाहुनाको संख्या दैनिक एक हजार ५ सय जनाको हाराहारीमा छ। असोज-कात्तिक, मंसिर, पुस, माघ, फागुन, चैत र वैशाख महिना तातोपानी कुण्डमा स्नान गर्ने याम हो। जेठदेखि भदौसम्म तातोपानी सुनसान थियो। चिसो बढेको, विद्यालय र क्याम्पसमा लामो बिदा भएको तथा बाली भित्र्याउने चटारो भइनसकेको हुँदा तातोपानी स्नान गरेर उपचारका लागि आउनेको चाप बढेको छ।

तातोपानी कुण्ड व्यवस्थापन समितिका सचिव अम्मरबहादुर खत्रीले स्नान गर्न आउनेहरूको चाप बढेकाले बिहान साढे ५ बजे देखि साँझ ५ बजेसम्म महिला, पुरुषको छवटा समूह बनाएर स्नानको व्यवस्था मिलाइएको जानकारी दिए।

म्याग्दी नदीको किनारमा प्राकृतिक रूपमा बिरेनुनको गन्ध आउने ५० डिग्री सेल्सियस तापक्रममा निस्कने तातोपानीलाई संकलन गरेको पोखरीमा स्नानको व्यवस्था मिलाइएको छ। बिरेनुनको गन्ध आउने पानी संकलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, बाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने जनविश्वास छ।

बागलुङका सुमन निउरेले चोट लागेपछि खुट्टाको दुखाइ कम गराउन तातोपानीमा स्नानका लागि आएको बताए।

तातोपानी संकलन गरिएको तलाउमा १० दिन स्नान गर्न प्रतिव्यक्ति ३ सय ५० रुपैयाँ शूल्क तिर्नुपर्छ। प्रवेश शूल्कको १३ प्रतिशत सरकारलाई कर र २५ प्रतिशत बेनी नगरपालिकालाई बुझाउने गरिएको छ।

गत वर्ष नेपालका ६६ जिल्लाका साथै कोरिया, पोल्याड, युक्रेन, स्कटल्यान्ड, रसिया, जापान र भारतका २० हजार ३ सय ४७ जना तातोपानी कुण्डमा स्नानका लागि आएका थिए। समितिका कर्मचारी रेशम कार्कीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १९ हजार ४ सय ३ र २०७९/८० मा १८ हजार जनाले स्नान गरेका थिए।

# पाँच हजार ५ सय ४७ कैदीबन्दी अझै फरार



**काठमाडौं/मस-** गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण देशभरका कारागारबाट भागेकामध्ये पाँच हजार ५ सय ४७ कैदीबन्दी अझै फरार छन्।

कारागार व्यवस्थापन विभागले फरार कैदीबन्दीलाई कारागार फिर्ता ल्याउन अझ प्रभावकारी बनाउने जनाएको छ। आइतबारको गृहमन्त्री स्तरीय बैठकले कैदीबन्दीलाई कारागारमा फिर्ता ल्याउन केही महत्त्वपूर्ण निर्णय गरेको समेत विभागले स्पष्ट पारेको छ। हालसम्म नौ हजार आठ जना कैदीबन्दी कारागार फिर्ता भएको विभागले जनाएको छ।

फरार कैदीबन्दीको सम्बन्धमा सम्बन्धित कारागार कार्यालयबाट प्राप्त नामावलीसहितको विवरण गृह मन्त्रालयमार्फत् निर्वाचन आयोग, सुरक्षा निकायमा उपलब्ध गराइनेछ। अध्यागमन विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, यातायात व्यवस्थापन विभाग, राहदानी विभाग, वैदेशिक रोजगार विभाग, श्रम विभाग, नापी विभागलगायतका सेवाग्राहीको आवागमन धेरै हुने निकाय र ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पठाउने जनाइएको छ। फरार कैदीबन्दीको विवरण विभागको बेवसाइटमा प्रकाशित गरिनेछ।

त्यसैगरी जिल्लास्थित सार्वजनिक निकायमा विवरण उपलब्ध गराउने र कुनै सार्वजनिक सेवा लिन आएको खण्डमा पक्राउ गरिनेछ। फरार कैदीबन्दीहरूको खोजी तथा पक्राउ अभियानलाई अझ नियमित, सशक्त र समन्वयात्मक रूपमा अघि बढाउने निर्णय भएको विभागले जनाएको छ। कैदीबन्दी लुकाउनेलाई कारबाही गरिने जेनजीको आन्दोलनको मौका छोपी गत भदौ २४ गते महोत्तरी जिल्लाको जलेश्वर कारागारबाट भागेका कैदीबन्दीलाई लुकाउने वा आश्रय दिने व्यक्तिलाई कानुन बमोजिम कारबाही गरिने भएको छ।

कारागार कार्यालय जलेश्वरले एक सूचना जारी गर्दै सो कारागारबाट भागेका सबै ५ सय ७६ कैदीबन्दीलाई यही असोज २० गतेसम्म फर्कि आउन अनुरोध गरेकामा नौ भारतीयसहित २ सय ८१ जना फर्केर आइसकेका तथा अझै २ सय ९५ कैदीबन्दी आउन बाँकी रहेको जनाएको छ। कारागारका जेलर अशोक क्षेत्रीले तोकिएको अवधीभित्र फर्कि नआउने फरार कैदीबन्दी उपर कारागार ऐन २०७९ र नेपालको प्रचलित कानुन बमोजिम कारबाही हुने बताए। कैदीबन्दीलाई लुकाउने, छिपाउने वा आश्रय दिने व्यक्तिलाई कसुरदार ठानी प्रचलित कानुन बमोजिम कारबाही कारागारद्वारा जारी सूचनामा उल्लेख छ। गत भदौ २४ गते राति जलेश्वर कारागारमा रहेका ४० भारतीयसहित ५ सय ७६ कैदीबन्दी फरार भएका थिए। जलेश्वर कारागारबाट भागेकामध्ये १३ कैदीबन्दीलाई भारततर्फ भाग्दै गरेको अवस्थामा भारतीय प्रहरीले पक्राउ गरी पुनःकारागार फर्काउन मद्दत गरेका थिए।

**Thatikandh Rural Municipality**
**Office of the Rural Municipality Executive**
**Lakandra, Dailekh**
**Karnali Province, Nepal**

**Invitation of Bid**

**Date of publication: - 2025 October 14 (2082/06/28) at 10:00**
**Last date of bid Submission : - 2025 November 14 (2082/07/28) at 12:00**
**Date of bid opening : 2025 November 14 (2082/07/28) at 14:00**

Thatikandh Rural Municipality (TRM), Office of Rural Municipal Executive has allocated funds towards the cost of Construction of following Single-Stage: Single-Envelope Bidding Contracts stated in table below. Eligible bidders may obtain further information from the www.bolpatra.gov.np/egp and office website www.thantikandhmun.gov.np. During office hours.

| S. N. | Contract Identification No. | Description of Work | Estimated Cost Including PS and Excluding VAT & Contingency (NRs.) | Bid Security Amount (NRs.) | Bid validity/Bid Security Period/Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | TRM/DLK/NCB/ SABFN/04/2082/083 | Saraswati Aa. Vi. Budha Aagra Field Nirman tatha Gherbar Yojana Ward No. 5 | 34,69,517.24 | 1,00,000.00 | 90days/120 days/ NRs.3000 |
| 2 | TRM/DLK/NCB/ GSK/05/2082/083 | Gairagaun Sichain Kulo Nirman Thatikandh Gaunpalika Ward No. 4 Dailekh | 1,70,04,000.00 | 5,00,000.00 | 90days/120 days/ NRs.3000 |

**Chief administrative Officer**

**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Water Supply and Sewerage Management Office**
**Dadeldhura**

**Invitation of Electronic Bids**

**Date of 1st publication: 14th October, 2025**

1. Water Supply and Sewerage Management Office, Dadeldhura invites bids from Eligible and qualified bidders through 'Single Stage Two Envelope' procedure for the following works under National Competitive Bidding Procedures.

| S. N. | Description of Works | Bid Security Amount, (NRs.) | Bid Document Fee, (NRs.) | Bid Submission Deadline Date and Time | Technical Bid Opening Date and Time |
|---|---|---|---|---|---|
